# राष्ट्रिय शिक्षा नीति, २०७६

(नेपाल सरकार, मन्त्रीपरिषद्बाट मिति २०७६।७।१८ मा स्वीकृत)


**नेपाल सरकार**

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

**सिंहदरबार, काठमाडौं**

# विषय सूची


| क्र.सं. | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २. | विगतका प्रयास | २ |
| ३. | वर्तमान अवस्था | ३ |
| ४. | समस्या तथा चुनौती | ४ |
| ५. | शिक्षा नीतिको आवश्यकता | ५ |
| ६. | दूरदृष्टि | ६ |
| ७. | लक्ष्य | ६ |
| ८. | उद्देश्य | ६ |
| ९. | रणनीति | ८ |
| १०. | नीति तथा कार्यनीति | १२ |
| ११. | नीति कार्यान्वयनको जिम्मेवारी | ७२ |
| १२. | संस्थागत व्यवस्था | ७७ |
| १३. | आर्थिक पक्ष | ७७ |
| १४. | कानुनी व्यवस्था | ७८ |
| १५. | अनुगमन तथा मूल्याङ्कन | ७९ |
| १६. | जोखिम तथा जोखिम न्यूनीकरण | ८० |
| १७. | खारेजी र बचाउ | ८१ |

## १. पृष्ठभूमि

देश विकासका निम्ति शिक्षा पूर्वाधारको पनि पूर्वाधार मानिन्छ । शिक्षाले व्यक्तिको सर्बाङ्गीण विकास गरी असल योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्ति तयार गर्दछ । राष्ट्रको आर्थिक, सामाजिक, सांस्कृतिक र पूर्वाधार विकासका लागि त्यस्तो जनशक्तिको योगदान महत्वपूर्ण हुन्छ । देशमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । “समृद्ध नेपाल, सुखी नेपाली” हाम्रो राष्ट्रिय आकाङ्क्षा र अठोट हो । सीपमूलक, वैज्ञानिक, व्यावहारिक एवं गुणस्तरीय शिक्षा समृद्ध नेपालको आधारशीला हो । मुलुकको सर्वाङ्गीण विकासको मूल आधार शिक्षा नै भएकाले गुणस्तरीय शिक्षामा सबै नागरिकको समतामूलक र न्यायोचित पहूँच स्थापित गर्नु आजको आवश्यकता हो ।

नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेखित छ । उक्त धाराले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहूँचको हक हुने, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत गरेको छ । यो संवैधानिक प्रावधानलाई कार्यान्वयन गर्न सुदृढ राष्ट्रिय शिक्षा प्रणालीको विकास जरुरी भएको छ ।

मुलुकको समग्र विकासको दृष्टिकोण तथा प्राथमिकता स्पष्ट रुपमा निर्धारण गर्न लक्ष्य, उद्देश्य, नीति, रणनीति, कार्यनीति र कार्यक्रमहरू तर्जुमा गरिन्छ । राष्ट्रको शैक्षिक विकासको दृष्टिकोण र कार्यदिशा शिक्षा नीतिमार्फत प्रतिविम्बित हुने गर्दछ । कुनै पनि देशको शिक्षा नीतिले आफ्नो राष्ट्रिय विकासका प्राथमिकताहरूलाई सम्बोधन गर्ने प्रयास गरेको हुन्छ । यसै

परिप्रेक्ष्यमा नेपाल सरकारले सङ्घीय संरचना अनुरूप शिक्षा क्षेत्रको मार्गदर्शक नीतिका रुपमा यो राष्ट्रिय शिक्षा नीति २०७६ तर्जुमा गरेको हो ।

## २. विगतका प्रयास

नेपाल सरकारले शिक्षालाई राष्ट्रिय विकासको आधारको रुपमा लिँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धतासहित विभिन्न नीतिगत, संरचनागत, संस्थागत र व्यवहारिक प्रयासहरू अघि बढाएको छ । नेपालको संविधान, आवधिक विकास योजना, दिगो विकास लक्ष्य, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता र बार्षिक नीति तथा कार्यक्रम मार्फत आर्थिक-सामाजिक रूपान्तरण गर्ने सङ्कल्प पूरा गर्न शिक्षालाई राष्ट्रिय विकासको महत्वपूर्ण क्षेत्रको रुपमा आत्मसात गरिएको छ । यसै सन्दर्भमा शिक्षा सम्बन्धमा अध्ययन तथा अनुसन्धान गरी सरकारलाई सुझाव दिन विभिन्न कालखण्डमा शिक्षा आयोग तथा समितिहरू गठन भई त्यस्ता आयोग तथा समितिको सिफारिसमा शिक्षा सुधारका कार्यहरू हुँदै आएका छन् । विगतमा कार्यान्वयन भएका सबैका लागि शिक्षा, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, सहश्राब्दी विकास लक्ष्य, विद्यालय क्षेत्र सुधार योजना, विद्यालय क्षेत्र विकास योजना, दिगो विकास लक्ष्य लगायतका विभिन्न योजना तथा कार्यक्रमहरूले नेपालको शिक्षा प्रणालीको बलियो आधारशिला खडा गरेका छन् ।

साक्षरता, नि:शुल्क शिक्षा, सबैका लागि शिक्षा, शिक्षाका लागि भौतिक पूर्वाधार, शिक्षक व्यवस्थापनमा सुधार, पाठ्यक्रममा सुधार, शिक्षामा समावेशिता, विशेष आवश्यकता भएका बालबालिकाका लागि शिक्षा जस्ता कार्यक्रमहरूमार्फत शिक्षा क्षेत्रको विकासका लागि विगतमा नीतिगत एवं संस्थागत प्रयास भएका थिए ।

त्यसैगरी शिक्षाका उपक्षेत्रगत नीतिहरू जस्तैः अनौपचारिक शिक्षा नीति, विशेष शिक्षा नीति, उच्च शिक्षा नीति, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम नीति, अपाङ्गता भएका व्यक्तिहरूका लागि समावेशी शिक्षा नीति, शैक्षिक जनशक्ति विकास सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइए । यिनै

संस्थागत तथा नीतिगत प्रयासहरूको जगमा आधारित रही नेपालको शिक्षामा समयानुकुल परिवर्तन आवश्यक भएको छ ।

## ३. वर्तमान अवस्था

नेपालको शिक्षा क्षेत्रमा विगतमा भएका लगानी र शैक्षिक पूर्वाधारको विकासबाट उल्लेखनीय उपलब्धिहरू प्राप्त हुन थालेका छन् । पूर्व प्राथमिक शिक्षामा कूल भर्नादर ८४.७ प्रतिशत पुगेको छ । प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत ६६.९ पुगेको छ । प्राथमिक तह (कक्षा १ देखि ५), आधारभूत तह (कक्षा १ देखि ८) र माध्यमिक तह (कक्षा ९ देखि १२) को खुद भर्नादर क्रमशः ९६.९ प्रतिशत, ९२.७ प्रतिशत र ४६.४ प्रतिशत पुगेको छ । कक्षा ५ र कक्षा ८ सम्मको टिकाउ दर क्रमशः ८९.६ प्रतिशत र ७७.९ प्रतिशत रहेको छ । आधारभूत तथा माध्यमिक तहमा ७२ लाख १४ हजार ५२५ विद्यार्थी भर्ना भई अध्ययन गरिरहेका छन् । प्रारम्भिक बाल विकास तथा शिक्षामा ९ लाख ७४ हजार बालबालिका अध्ययनरत छन् । लैङ्गिक समता सूचकाङ्क आधारभूत तह र माध्यमिक तहमा क्रमशः ०.९८ र १.०१ रहेको छ । विद्यालय दोहोर्‍याउने दर आधारभूत तह (कक्षा १-५) मा ३.८ प्रतिशत र आधारभूत तह (कक्षा ६-८) मा ४.४ प्रतिशत तथा माध्यमिक तह (कक्षा ९-१०) मा ३.७ प्रतिशतमा झरेको छ । मुलुकभर सार्वजनिक र निजी लगानीका गरी ३५,०५५ वटा विद्यालयहरू स्थापना भई सञ्चालनमा रहेका छन् । शिक्षामा पहुँच बढाउन वैकल्पिक तथा खुला शिक्षाका अवसरहरू उपलब्ध छन् । अभिभावकको लगानी परिचालन गरी निजी क्षेत्रले नेपालको विद्यालय शिक्षामा करिब २३ प्रतिशत विद्यार्थीहरूलाई सेवा प्रवाह गरिरहेको स्थिति छ ।

वि.सं. २०६८ को जनगणनामा १५ बर्षमाथिको जनसंख्याको साक्षरता ५८ प्रतिशत रहेको थियो भने आ.ब. २०७४/७५ मा १५ देखि २४ बर्ष उमेर समूहको साक्षरता ८८.६ प्रतिशत पुगेको छ । हालसम्म ५१ जिल्लाहरू साक्षर जिल्ला घोषणा भैसकेका छन् । वि.सं. २०७६ लाई “साक्षर नेपाल बर्ष” को रूपमा घोषणा गरिएको छ । अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको

अवसर विस्तार गर्नका लागि २१५१ वटा सामुदायिक सिकाइ केन्द्रहरू स्थापना भई सञ्चालनमा आएका छन् ।

उच्च शिक्षामा सहजै देखिने भर्नादर करिब १५ प्रतिशत पुगेको छ । नेपालमा ११ वटा विश्वविद्यालय र ६ वटा स्वास्थ्य विज्ञान सम्बन्धी प्रतिष्ठानहरू सञ्चालन भइरहेका छन् । मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय र योगमाया आयुर्वेद विश्वविद्यालय स्थापना हुने क्रममा छन् ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गत हालसम्म ४५ वटा बहु/प्राविधिक शिक्षालय, ३९७ वटा प्राविधिक शिक्षा प्रदायक सामुदायिक विद्यालय र ४२९ वटा निजी लगानीका प्राविधिक शिक्षालय सञ्चालनमा रहेका छन् । त्यसैगरी माध्यमिक शिक्षा (कक्षा ९-१२) का ४३४ वटा सार्वजनिक विद्यालयहरूमा प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम सञ्चालन भइरहेको छ । अहिले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक संस्थाहरूको संख्या १३०५ पुगेको छ ।

## ४. समस्या तथा चुनौती

नेपालको शिक्षा प्रणालीले हासिल गरेका यी उपलब्धीको बाबजुद थप नयाँ चुनौती र समस्या हाम्रा सामु विद्यमान छन् । नेपालको शिक्षामा मुलतः प्रारम्भिक बालविकास कार्यक्रममा प्रभावकारिता कम हुनु, बालविकासका शिक्षकहरूको क्षमता र सुविधा न्यून हुनु, आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकाहरू अझै विद्यालय भर्ना भै नसक्नु, विद्यालय भर्ना भएका मध्ये सबै विद्यार्थी अध्ययनमा निरन्तर नहुनु, माध्यमिक शिक्षा पूर्ण रूपमा निःशुल्क हुन नसक्नु, शिक्षा र रोजगारीबीच तालमेल हुन नसक्नु, शिक्षित बेरोजगारहरूको सङ्ख्या बढ्दै जानु, सुविधाविहीन समूहका बालबालिकाहरू विद्यालय बाहिरै रहिरहनु, शैक्षिक सुशासन कायम हुन नसक्नु, उच्च शिक्षा प्रतिस्पर्धी, उत्पादनमुखी र अनुसन्धानमूलक हुन नसक्नु, शिक्षामा पर्याप्त लगानी नहुनु, शिक्षाको गुणस्तर अपेक्षित रूपमा न्यून हुनु, विज्ञान तथा प्रविधिमा आधारित शिक्षा र प्राविधिक शिक्षाको पहूँच विस्तार पर्याप्त मात्रामा

हुन नसक्नु, सेवाप्रवाह प्रणाली जनमैत्री नहुनु, शिक्षण प्रक्रिया अधिक परीक्षामुखी हुनु, शिक्षकको पेसागत सक्षमता, नैतिकता र उत्प्रेरणामा कमी हुनु, सार्वजनिक शिक्षामा स्थानीय समुदायको अपनत्व सिर्जना हुन नसक्नु, निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरू सेवाभन्दा नाफाउन्मुख हुनु जस्ता समस्याहरू नेपालको शिक्षा प्रणालीले भोगिरहेका प्रमुख सवाल हुन् ।

सार्वजनिक शिक्षामा गुणस्तर अभिबृद्धि गर्नु, शैक्षिक सुधारका लागि सरोकारवालाहरूबीच अपनत्व सिर्जना गर्नु, सबै तहको शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु, शिक्षक तथा शिक्षाक्षेत्रको जनशक्तिमा पेसागत जवाफदेहीता सुनिश्चित गर्नु, शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम गर्नु, विद्यालय नेतृत्वको भूमिका सबलीकरण गर्नु, शिक्षा र रोजगारीबीच तालमेल कायम गर्नु, प्रतिभा पलायन रोक्नु, सार्वजनिक शिक्षामा सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्नु र संविधान प्रदत्त मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्नु शिक्षा क्षेत्रका प्रमुख चुनौती हुन् ।

## ५. शिक्षा नीतिको आवश्यकता

नेपालको संविधानमा निर्दिष्ट गरिएका शिक्षा सम्बन्धी मौलिक हक, राज्यको पुनःसंरचना र अधिकारको बाँडफाँट, मुलुकको आर्थिक-सामाजिक रुपान्तरणका एजेण्डा, दिगो विकास लक्ष्यप्रति नेपालको प्रतिबद्धता, पन्ध्रौं योजनाको आधारपत्र, सन् २०२२ भित्र अति कम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय सङ्कल्प नै नयाँ शिक्षा नीति तर्जुमाका मूल आधार हुन् ।

शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्न, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मान्यता अनुरुप शिक्षामा सबैको सरल, सहज र समतामूलक पहूँच सुनिश्चित गर्न एवं शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त बनाउन यो  नयाँ शिक्षा नीति आवश्यक परेको हो ।

संघीय ढाँचा अनुरूप सरकारका तीन वटै तहमा शिक्षा प्रशासन प्रभावकारी एवं नतिजामूलक ढंगले सञ्चालन गरी जनताको शिक्षा प्राप्तिको अधिकार सुनिश्चित गर्नका लागि समयानुकुल शिक्षा नीतिको जरुरत परेको हो । त्यसैगरी छरिएर रहेका शिक्षा क्षेत्रका नीतिहरूलाई एकिकृत र संहिताबद्ध गरी एकिकृत राष्ट्रिय शिक्षा नीतिको खाँचो पूरा गर्ने ध्येयले यो राष्ट्रिय शिक्षा नीति तर्जुमा गर्नु परेको हो ।

## ६. दूरदृष्टि

“शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति; सामाजिक न्याय, रुपान्तरण र समृद्धि”

## ७. लक्ष्य

सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरुपको मानव संशाधन विकास गर्ने ।

## ८. उद्देश्य

८.१. बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु ।

८.२. आधारभूत शिक्षामा सबैको सहज एवं समतामूलक पहूँच र निरन्तरता सुनिश्चित गर्दै सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गर्नु ।

८.३. गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहूँच सुनिश्चित गर्दै सिर्जनशिलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्नु ।

८.४. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरूका लागि समावेशी एवं समतामूलक पहूँच स्थापित गर्दै देश विकासका लागि योग्य, सक्षम, सीपयुक्त र उद्यमशील जनशक्ति तयार पार्नु ।

८.५. ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माणका लागि उच्च शिक्षाको पहूँच र गुणस्तर अभिबृद्धि गरी विभिन्न क्षेत्रहरूमा सक्षम नेतृत्व प्रदान गर्न सक्ने योग्य, दक्ष, बैज्ञानिक, नवप्रवर्तनात्मक, अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी र अनुसन्धानमुखी मानव संशाधन विकास गर्नु ।

८.६. नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु ।

८.७. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्नु ।

८.८. शिक्षा प्रणालीका विभिन्न अवयवहरूमा रहेर सेवा प्रवाह गर्ने जनशक्तिलाई उत्कृष्ट नतिजा प्रदर्शन गर्न उनीहरूको पेसागत योग्यता, सक्षमता, इमान्दारिता, प्रतिबद्धता र जवाफदेहीता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्नु ।

८.९. सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यास (Best Practices) लाई सम्मिलन (Fusion) गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियामा सवलीकरण गर्नु ।

८.१०. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव तथा अभ्यास समेतका आधारमा शैक्षिक गुणस्तर मानक तथा मापदण्ड तयार गरी सबै तह र प्रकारका शिक्षाको गुणस्तर अभिबृद्धि गर्नु ।

८.११. औपचारिक (Formal), अनौपचारिक (Non-formal) र अरीतिक (Informal) शिक्षाबीच अन्तरसम्बन्ध स्थापित गरी योग्यताको समकक्षता (Equivalency), गतिशिलता (Mobility) र पारगम्यता (Permeability) सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारुपमा आधारित शिक्षा प्रणालीको विकास गर्नु ।

८.१२. शिक्षा प्राप्तिको संवैधानिक र कानूनी दायित्व पूरा गर्न राष्ट्रिय प्राथमिकताका आधारमा पर्याप्तता (Sufficiency), समन्यायिकता (Equitability) र प्रतिफलमुखी (Best Value for Money) हुने गरी शैक्षिक लगानी सुनिश्चित गर्नु ।

८.१३. व्यक्तिमा वैज्ञानिक चिन्तन र व्यवहार विकास गर्न विज्ञान तथा प्रविधिलाई शिक्षा प्रणालीमा एकिकरण गर्दै परम्परागत एवं आधुनिक प्रविधिलाई राष्ट्रिय विकासको लागि उपयोग गर्न सक्ने क्षमता विकास गर्नु ।

## ९. रणनीति

९.१. उपयुक्त पूर्वाधारसहितको बालमैत्री वातावरण सुनिश्चित गरी प्रारम्भिक बालविकासको अवसर विस्तार गर्ने । (८.१)

९.२. तीनै तहका सरकार र अभिभावकको साझेदारीमा बालबालिकाहरूको सर्वाङ्गीण विकास एवं विद्यालय शिक्षाको पूर्वतयारीका लागि कम्तीमा एक बर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्ने । (८.१)

९.३. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रत्याभूति गर्न सबै बालबालिकालाई विद्यालय भर्ना गराउने एवं भर्ना भएका सबैलाई अध्ययनमा निरन्तरता दिने र गुणस्तर अभिबृद्धिका लागि उत्प्रेरणामूलक उपायहरू अवलम्बन गर्ने । (८.२)

९.४. सान्दर्भिक एवं गुणस्तरीय आधारभूत र माध्यमिक शिक्षामा सबैको पहूँच सुनिश्चितता गर्न औपचारिक, अनौपचारिक, बैकल्पिक र खुला शिक्षा प्रणालीको अवलम्बन गर्ने । (८.२ र ८.३)

९.५. माध्यमिक शिक्षामा सरकार, निजी क्षेत्र र सहकारी समेतको सहभागितामा प्रभावकारी व्यवस्थापन गर्ने । (८.३)

९.६. स्वायत्तता, विकेन्द्रीकरण, साझेदारी, लचिलोपना र सरल नियमन व्यवस्था गर्दै प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा व्यापक सहभागिताको वातावरण सिर्जना गर्ने । (८.४)

९.७. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा विभिन्न सरोकारवालाहरूको सहभागिता एवं साझेदारीमा दिगो लगानी सुनिश्चित गर्ने । (८.४)

९.८. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेट्न विशेष सहुलियत दिने नीति अख्तियार गर्ने । (८.४)

९.९. राष्ट्रिय, प्रादेशिक र स्थानीय श्रम बजारको आवश्यकता एवं प्राथमिकताका आधारमा योग्यता र क्षमता अनुसार सान्दर्भिक, उपयोगी, गुणस्तरीय र प्रतिस्पर्धी प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसरहरू सबैलाई प्रदान गर्ने । (८.४)

९.१०. विश्वसनीयता एवं प्रतिस्पर्धात्मक क्षमताको सुनिश्चितता हुने गरी खुला एवं दूर शिक्षा मार्फत उच्च शिक्षामा पहूँच अभिबृद्धि गर्ने । (८.५)

९.११. उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापनलाई प्रभावकारी बनाउन विद्यमान कानूनी तथा संस्थागत संयन्त्रको पुनः संरचना गर्ने । (८.५)

९.१२. उच्च शिक्षा प्रदायक संस्थाहरूको गुणस्तर अभिबृद्धि गरी उच्च शिक्षालाई राष्ट्रिय आवश्यकता एवं अन्तर्राष्ट्रिय मान्यता र प्रचलन अनुरुप हुने गरी सान्दर्भिक बनाउने । (८.५)

९.१३. विश्वविद्यालय तथा उच्च शिक्षा प्रदायक संस्थाहरूलाई सार्वजनिक, सामुदायिक र निजी संस्थाको रुपमा विकास गर्दै हाल सञ्चालनमा रहेका विश्वविद्यालयहरूमध्ये इच्छुक

विश्वविद्यालयलाई प्रदेशसँग समन्वय गरी प्रादेशिक विश्वविद्यालयका रुपमा सञ्चालन गर्न अभिप्रेरित गर्ने । (८.५)

९.१४. साक्षरता, अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई पेसा एवं व्यवसाय, सामाजिक जीवन र सहभागितासँग आवद्ध गर्ने । (८.६)

९.१५. परम्परागत शिक्षाको मूलप्रवाहीकरण एवं वैकल्पिक र खुला शिक्षाको अवसर विस्तार गरी विद्यालय शिक्षामा पहूँच अभिबृद्धि गर्ने । (८.६)

९.१६. भौतिक पूर्वाधार, पाठ्यक्रम तथा पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कन प्रणालीलाई समावेशी एवम् अपाङ्गमैत्री बनाउने । (८.७)

९.१७. अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता र समावेशीकरणको सिद्धान्तका आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू उपलब्ध गराउने । (८.७)

९.१८. दक्ष, योग्य, सक्षम, गुणस्तरीय जनशक्तिको व्यवस्थापन गरी शिक्षण, प्रशिक्षण, अनुसन्धान, नवप्रवर्तन, शैक्षिक प्रशासन जस्ता पक्षमा उत्कृष्ट नतिजा हासिल गर्ने । (८.८)

९.१९. विद्यालय शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र उच्च शिक्षामा अध्यापन वा प्रशिक्षण गर्ने जनशक्तिको सक्षमता परीक्षण र तालिमलाई अनिवार्य गर्ने । हाल कार्यरत शिक्षकको सक्षमता परीक्षणको व्यवस्था गरी पेसागत सक्षमता, अद्यावधिकता, उत्प्रेरणा, कार्यसम्पादनस्तर र अनुभव जस्ता पक्षहरूलाई शिक्षकको बृत्ति विकाससँग आवद्ध गर्ने । (८.८)

९.२०. विद्यालयमा विषयगत शिक्षकको सुनिश्चितता गर्नुका साथै शिक्षकको तयारी, प्राप्ति, विकास र उपयोग प्रणालीमा सुधार गरी विद्यालय शिक्षाको गुणस्तर अभिबृद्धि गर्ने । (८.८)

९.२१. विश्वविद्यालयबाट उत्कृष्ट नतिजा प्राप्त गरेका मेधावी विद्यार्थीहरूलाई शिक्षण पेसामा आकर्षित गर्ने । (८.८)

९.२२. तीनै तहका सरकारका शैक्षिक सेवाप्रदायक संरचनाहरूलाई आवश्यकता अनुसार पुनःसंरचना, सुदृढीकरण र सवलीकरण गरी दक्षतापूर्ण, प्रभावकारी र नतिजामूलक बनाउने । (८.८)

९.२३. विद्यालय, प्राविधिक शिक्षालय र उच्च शिक्षा प्रदायक सार्वजनिक, सामुदायिक तथा निजी शिक्षण संस्थाहरूको नक्साङ्कन, समायोजन र स्तरोन्नति गर्ने । (८.८)

९.२४. सूचना तथा सञ्चार प्रबिधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा एकिकृत गर्दै प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाउने । सङ्घ, प्रदेश र स्थानीय स्तरमा अनलाइनमा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (Integrated Educational Management Information System-IEMIS) को सुदृढीकरण गर्ने । (८.८)

९.२५. अपनत्वको सिर्जना, नेतृत्वको सबलीकरण, शिक्षण सिकाइ प्रक्रियामा सुधार, पेशागत नैतिकताको प्रवर्द्धन, लगानी अभिवृद्धि र प्रविधिको उच्चतम प्रयोगद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गर्ने । (८.९)

९.२६. विद्यालय शिक्षातर्फ कम्पनीको रुपमा सञ्चालित निजी लगानीका शिक्षण संस्थाहरूलाई नियमन गर्ने । (८.९)

९.२७. शैक्षिक गुणस्तर अभिबृद्धिका लागि शिक्षण संस्थाहरूको प्रभावकारी अनुगमन, निरीक्षण तथा मूल्याङ्कनको व्यवस्था गर्ने । (८.१०)

९.२८. राष्ट्रिय योग्यता प्रारूप (National Qualification Framework-NQF) का आधारमा क्रेडिट ब्याङ्किङ र क्रेडिट ट्रान्सफरको प्रणाली लागू गर्ने । (८.११)

९.२९. औपचारिक तथा अनौपचारिक रुपमा प्राप्त गरेको सीपको परीक्षण र प्रमाणीकरण गर्ने व्यवस्था मिलाउने । (८.११)

९.३०. विद्यालय तथा उच्च शिक्षामा तीनै तहका सरकारको लगानी बृद्धि गर्ने । (८.१२)

९.३१. प्राविधिक तथा व्यावसायिक शिक्षामा सार्वजनिक क्षेत्रको लगानी क्रमशः बृद्धि गर्दै जाने र यस क्षेत्रमा लागत साझेदारीको सिद्धान्तका आधारमा स्रोत परिचालन गर्ने । (८.१२)

९.३२. विज्ञानलाई शिक्षा र शिक्षालाई विज्ञानमा आधारित बनाई वैज्ञानिक अध्ययन र चिन्तन मनन् गर्ने प्रवृत्ति एवम् व्यवहारको विकासमा जोड दिने । (८.१३)

९.३३. सबै तहको शिक्षामा विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित शिक्षा (STEM-Education) लाई पाठ्यक्रमको अभिन्न अङ्ग बनाइने । (८.१३)

## १०. नीति तथा कार्यनीति

शिक्षाको दूरदृष्टि, लक्ष्य, उद्देश्य र रणनीतिहरूको परिधिभित्र रही देहायबमोजिमका नीति तथा कार्यनीतिहरू अवलम्बन गरिने छ । यस नीति दस्तावेजमा रहेका कतिपय सान्दर्भिक विषयहरू प्रदेश र स्थानीय तहबाट पनि कार्यान्वयन हुनेछन् भने प्रदेश र स्थानीय तहले स्थानीय आवश्यकता अनुसार यो नीति प्रतिकूल नहुने गरी आफ्नै रणनीति, कार्यनीति र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न गराउन सक्नेछन् ।

### (क) प्रारम्भिक बालविकास तथा शिक्षा

**नीति १०.१ नेपाल सरकारले तोकेको शर्त तथा मापदण्ड पालना गर्ने गरी स्थानीय तहको अनुमति वा स्वीकृतिमा सरकारी, गैरसरकारी, सामुदायिक वा निजी लगानीमा बालमैत्री तथा पूर्वाधारयुक्त प्रारम्भिक बालविकास कक्षा र बालविकास तथा स्याहार केन्द्रको व्यवस्थापन गरी बालविकास कार्यक्रम सञ्चालन गर्ने ।**

१०.१.१. प्रारम्भिक बालविकास कक्षा र बालविकास तथा स्याहार केन्द्रहरूमा बालबालिकाका सुरक्षा, पोषण, खेल (सामग्री र स्थान), शयन स्थल, भवन, कक्षाकोठा लगायतका आवश्यक भौतिक पूर्वाधार, बाल स्याहार तथा सिकाइ सहजीकरण गर्ने

व्यक्तिको योग्यता र क्षमता भएको जनशक्ति प्रारम्भिक बालविकास सहजीकरण प्रक्रियासँग सम्बन्धित विभिन्न पक्षको राष्ट्रिय मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

१०.१.२. तोकिएको मापदण्डका आधारमा सबै विद्यालयहरूमा बालविकास कक्षा र विद्यालय बाहिर बालविकास केन्द्र र बालविकास तथा स्याहार केन्द्र स्थापना र सञ्चालनको व्यवस्था मिलाइनेछ ।

१०.१.३. स्थानीय तह र समुदायको साझेदारीमा स्थानीय तहको प्रत्येक वडा वा टोलमा बालबालिकाहरूलाई खेल्ने र मनोरञ्जन गर्ने सामग्रीहरू सहितको बालउद्यान निर्माण गरिनेछ।

१०.१.४. विद्यालयमा सञ्चालन गरिने प्रारम्भिक बालविकास कक्षा विद्यालयको हाताभित्र छुट्टै भौतिक संरचना खडा गरी सञ्चालन गर्नुका साथै विद्यालय टाढा भएका कारण बालविकास कक्षाको पहूँचभन्दा बाहिर रहेका बालबालिकालाई लक्षित गरी नजिकको विद्यालयको समन्वयमा समुदायस्तरमा वैकल्पिक प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्ने व्यवस्था स्थानीय तहबाटै मिलाइनेछ ।

१०.१.५. चार वर्ष उमेर पुगेका बालबालिकाका लागि तोकिएको न्यूनतम मापदण्डको आधारमा नेपाल सरकार र प्रदेश सरकारको अनुदान तथा स्थानीय तह र अभिभावकहरूको साझेदारीमा एक वर्षे प्रारम्भिक बाल विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.१.६. दुर्गम, पिछडिएको क्षेत्र र सीमान्तकृत समूहका बालबालिकाहरूको समेत पहूँच सुनिश्चित गरी आवश्यकताको आधारमा हालको बालविकास केन्द्रहरूको नक्साङ्कन, समायोजन र पुनर्वितरण गरिनेछ ।

१०.१.७. आर्थिक रुपले विपन्न अपाङ्गता भएका, आर्थिक रुपले विपन्न दलित र आर्थिक रुपले विपन्न दुर्गम क्षेत्रका बालबालिकाका

लागि निःशुल्क प्रारम्भिक बालविकासको अवसर सुनिश्चित गरिनेछ ।

१०.१.८. पाँच बर्षभन्दा कम उमेरका बालबालिकाहरूको स्याहार, पोषण र स्वास्थ्य विकासका लागि अभिभावकको लगानीमा विद्यालयभित्र वा बाहिर बालविकास तथा स्याहार केन्द्र स्थापना र सञ्चालन गर्न सकिने व्यवस्था मिलाइनेछ ।

**नीति १०.२ प्रारम्भिक बालविकास कक्षा र बालविकास केन्द्रका शिक्षकहरूको न्यूनतम योग्यता निर्धारण गरी हाल कार्यरत बालविकास शिक्षकहरूलाई योग्यतामा आधारित वृत्ति विकास र स्तर वृद्धिको अवसर प्रदान गर्ने ।**

१०.२.१. प्रारम्भिक बालविकास कक्षा र बालविकास केन्द्रका लागि विद्यार्थी संख्याका आधारमा आवश्यक शिक्षकको आपूर्ति गर्ने व्यवस्था मिलाइनेछ ।

१०.२.२. प्रारम्भिक बालविकास कक्षामा सहजीकरण गर्ने शिक्षकको न्यूनतम् योग्यता माध्यमिक शिक्षा परीक्षा (कक्षा दश) वा सो सरह हुने गरी कानूनी व्यवस्था मिलाइने छ ।

१०.२.३. प्रारम्भिक बालविकास कक्षामा अध्यापन तथा सहजीकरण गरिरहेका तर तोकिएको योग्यता नपुगेका शिक्षकहरूको योग्यता बढाउन नियमित तथा विशेष प्रशिक्षण कार्यक्रममा सहभागी हुन पाउने व्यवस्था मिलाइनेछ ।

१०.२.४. प्रारम्भिक बालविकास शिक्षकलाई प्रचलित कानुनमा व्यवस्था भएबमोजिम न्यूनतम् पारिश्रमिक र सामाजिक सुरक्षाको व्यवस्था गरिनेछ । त्यस्ता शिक्षकको कार्यसम्पादनको आधारमा प्रत्येक वर्ष मूल्याङ्कन गरी पुरस्कार र दण्ड दिने व्यवस्था कार्यान्वयनमा ल्याइनेछ ।

**नीति १०.३ प्रारम्भिक बालविकास कक्षा र बालविकास केन्द्रमा बालबालिकाको सर्वाङ्गीण विकास तथा आधारभूत शिक्षाको तयारीका लागि पर्याप्त पूर्वाधार व्यवस्था गरी अभिभावकको समेत सहभागितामा बालविकास कक्षामा गुणस्तरीय पूर्वाधार र गतिविधिहरू व्यवस्थित, प्रभावकारी र बालमैत्री बनाइने ।**

१०.३.१. बालबालिकाको सर्वाङ्गीण विकासका निमित्त अभिभावकलाई प्रेरित गर्न स्थानीय तहका शिक्षा, स्वास्थ्य र सुरक्षा लगायतका निकायहरूको संयुक्त सहभागितामा अभिभावक जागरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.३.२. एकल मातृभाषी कक्षामा मातृभाषा र मिश्रित भाषिक समूह भएका कक्षामा मातृभाषामा आधारित बहुभाषिक माध्यममा सिक्न पाउने अवसर प्रदान गर्न स्थानीय तहले योजना बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

१०.३.३. प्रारम्भिक बालविकास कक्षामा बालबालिकाको सरसफाइ, हेरचाह, खाजा तथा अन्य कार्यमा सहयोग पुऱ्याउने व्यवस्था मिलाइनेछ ।

१०.३.४. प्रारम्भिक बालविकास कक्षामा बालबालिकाको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउने खालका आवश्यक सामग्री व्यवस्था गरिनेछ ।

१०.३.५. प्रारम्भिक बालविकास सम्बन्धमा संघीय तहबाट नीति तथा मापदण्ड निर्धारण र समन्वय कायम गर्न राष्ट्रिय शिक्षा परिषद् अन्तर्गत प्रारम्भिक बालविकास समन्वय समिति र स्थानीय तहमा गाउँ/नगर शिक्षा समिति मातहत रहने गरी प्रारम्भिक बालविकास उपसमिति गठन गरी परिचालन गरिनेछ ।

१०.३.६. बालविकास कक्षा तथा बालविकास केन्द्रहरूको अनुगमन तथा निरीक्षणका लागि तहगत संयन्त्र विकास गर्नुका साथै सुपरिवेक्षकको क्षमता विकास गरिनेछ ।

(ख) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा

**नीति १०.४. सबैका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको सुनिश्चितता गर्न पहूँच र सहभागिता, संस्थागत क्षमता र गुणस्तर अभिबृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।**

१०.४.१ विद्यालय र स्थानीय तहको सहकार्यमा शैक्षिक सत्रको आरम्भमा बिधार्थी भर्ना अभियान सञ्चालन गरी आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय ल्याई अनिवार्य तथा निःशुल्क शिक्षाको ब्यबस्था सुनिश्चित गरिनेछ ।

१०.४.२ आधारभूत विद्यालयमा उमेर समूहका आफ्ना परिवारका बालबालिकाहरूलाई विद्यालय भर्ना नगराएमा कानून बमोजिम दण्डित हुने तथ्य अभिभावकहरूलाई बोध गराउन अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.४.३ सामान्यतया आधारभूत तहका बालबालिकाले आधा घण्टाको दुरीभन्दा बढी हिंड्नु नपर्ने गरी विद्यालयको नक्शाङ्कन, समायोजन र मिलान गरिनेछ । सो भन्दा बढी दुरीमा रहेका र विद्यालय खोल्न सम्भव नभएका स्थानका बालबालिकाका लागि आबास वा यातायात सुविधाको क्रमशः व्यवस्था गर्दै लगिनेछ ।

१०.४.४ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको सही रुपमा कार्यान्वयन भए नभएको एकिन गर्न तीनै तहका सरकारबाट स्थलगत रुपमा अनिवार्य अनुगमनको व्यवस्था मिलाइनेछ ।

**नीति १०.५ विद्यालय सेवाक्षेत्र सम्बन्धी मापदण्ड तथा कार्यविधि तयार पारी सोका आधारमा सबै प्रकारका आधारभूत बिद्यालयहरूलाई सेवाक्षेत्र (School Zone) को अवधारणा अनुरुप ब्यबस्थित गर्ने ।**

१०.५.१ संघीय सरकारको शिक्षा हेर्ने मन्त्रालयबाट निर्दिष्ट गरिएको विद्यालय सेवा क्षेत्र निर्धारणका आधार, निर्धारित मापदण्ड र मानक अनुसार स्थानीय तहले विद्यालय सेवाक्षेत्रको अवधारणा कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइने छ ।

१०.५.२ सबै बालबालिकाहरूलाई नजिकको विद्यालयमा अध्ययन गर्न प्रेरित गरिनेछ ।

**नीति १०.६ आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गराई अध्ययन निरन्तरताको व्यवस्था मिलाउने ।**

१०.६.१ विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भित्र ल्याउन तथा अध्ययनमा निरन्तरताको सुनिश्चित गर्न जनसहभागिता सहितको कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.६.२ स्थानीय तहबाट आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाई अनिवार्य शिक्षा सुनिश्चित भएको सार्वजनिक घोषणा गर्ने व्यवस्था मिलाइने छ ।

१०.६.३ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित गर्न सक्षम भएका गाउँ वा नगर पालिकाहरूलाई सम्मान गर्ने परिपाटी संस्थापन गरिनेछ ।

१०.६.४ अनिवार्य शिक्षाका मापदण्ड तथा सूचकहरू निर्धारण गरी सोको प्राप्ति भए नभएको सम्बन्धमा आवधिक रुपमा मूल्याङ्कन गर्ने परिपाटीको विकास गरिनेछ ।

१०.६.५ स्थानीय तहको नेतृत्वमा विद्यार्थी दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनुका साथै आवश्यकताका आधारमा विस्तार गरिनेछ ।

१०.६.६ आर्थिक रूपले विपन्न दलित, विपन्न जनजाति, विपन्न सीमान्तकृत, विपन्न द्वन्द्वपीडित तथा कठिन परिस्थितिमा

रहेका अभिभावकका छोराछोरीलाई उनीहरूको अवसर लागत (Opportunity Cost) लाई समेत दृष्टिगत गरी छात्रवृत्ति दिने व्यवस्था मिलाइनेछ ।

**नीति १०.७ आधारभूत शिक्षामा आवश्यक जनशक्ति व्यवस्थापन, भौतिक एवं शैक्षिक पूर्वाधार व्यवस्था र शिक्षण सिकाइ प्रक्रियामा सुधार गरी गुणस्तर अभिबृद्धि गर्ने ।**

१०.७.१ मुलुकभर सञ्चालनमा रहेका आधारभूत विद्यालयहरूलाई विद्यालयहरूको अवस्थिति, जनसंख्या वितरण, भौगोलिक अवस्था र सामाजिक न्याय हेरी नक्शांकनका आधारमा समायोजन
गरिनेछ ।

१०.७.२ सबै आधारभूत विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक तथा शैक्षिक पूर्वाधार पूरा गरिनेछ ।

१०.७.३ बालबालिकालाई अध्ययनको निरन्तरताका लागि दिवा खाजा व्यवस्था लगायतका विभिन्न प्रोत्साहनको व्यवस्था गर्दै बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीविच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, सुरक्षित कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन गरिनेछ ।

**नीति १०.८ नेपालको भाषिक विविधता, बालबालिकाको रुचि र आवश्यकता अनुसार मातृभाषाको अतिरिक्त मातृभाषामा आधारित बहुभाषिक शिक्षा, नेपाली र अंग्रेजी भाषालाई शिक्षणको माध्यम भाषाको रुपमा व्यवस्थापन गर्ने ।**

१०.८.१. आधारभूत तहमा अनिवार्य नेपाली भाषाका साथै सम्बन्धित विद्यार्थीको मातृभाषालाई पढाइको माध्यम बनाइनेछ । साथै गणित र विज्ञान विषयलाई अङ्ग्रेजी भाषामा पनि अध्यापन गर्न सकिने व्यवस्था गरिनेछ ।

१०.८.२. मातृभाषाका पाठ्यसामग्री, शिक्षण सामग्री तथा अन्य सामग्रीहरू (विद्युतीय सामग्रीहरू समेत) तयार गर्न प्रादेशिक तथा स्थानीय सरोकारवाला तथा विज्ञहरू परिचालन गरी निर्माण, छपाइ, वितरण, अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

१०.८.३. स्थानीय तहद्वारा आफ्नो स्थानको मातृभाषा, लिपि, साहित्य एवं संस्कृति संरक्षण, विकास गरी सो भाषाको पठनपाठन गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

१०.८.४. नेपाली भाषाको शिक्षणलाई प्रबर्द्धन गर्दै नेपाली मौलिक कला, संस्कृति, सामाजिक अध्ययन सम्बन्धी विषय नेपाली भाषामा पठनपाठन गरिनेछ तर बहुभाषी कक्षाकोठामा मातृभाषामा आधारित बहुभाषी शिक्षण पद्धतिलाई प्रोत्साहित गरिनेछ ।

१०.८.५. गणित, अंग्रेजी भाषा, सामाजिक, व्यावसायिक तथा स्वावलम्बनका विषयहरूमा पनि स्थानीयकरण गरी शिक्षण सिकाइ प्रक्रियामा सुधार ल्याउन सम्बन्धित स्थानीय तह तथा विद्यालयहरूलाई सोको लागि सक्षम बनाइनेछ ।

१०.८.६. मातृभाषाको संरक्षण र सम्बर्द्धन गर्न विद्यालयस्तरीय पाठ्यक्रम तथा पाठ्यसामग्रीमा मातृभाषालाई उचित स्थान दिइनेछ ।

१०.८.७. नेपालका मातृभाषामा सञ्चार सामग्री वा श्रव्य दृश्य सामग्री वा शैक्षिक सामग्री विकास गर्न सङ्घ, प्रदेश र स्थानीय तहले विशेष कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

**(ग) माध्यमिक शिक्षा**

**नीति १०.९ माध्यमिक शिक्षाको संरचनागत एकीकरण गरी विविधिकृत विद्यालयहरूको प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्ने ।**

१०.९.१. कक्षा ११ र १२ लाई विद्यालय शिक्षाको अभिन्न अङ्गका रूपमा एकिकृत गर्न हाल सञ्चालनमा रहेका शून्य जोड दुई (०+२) कार्यक्रम सञ्चालन गर्ने शिक्षण संस्थालाई निश्चित समयावधिभित्र माध्यमिक शिक्षा (कक्षा ९-१२) वा आधारभूतसहितको माध्यमिक शिक्षा (कक्षा १-१२) सम्म विस्तार गर्ने वा उच्च शिक्षाको मात्र कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था मिलाइनेछ ।

१०.९.२. विज्ञान, संगीत, खेलकुद, आयुर्वेद, जडिबुटी लगायत विभिन्न विधाका विशिष्टिकृत माध्यमिक विद्यालय स्थापना, सञ्चालन र व्यवस्थापन गरिनेछ ।

१०.९.३. विशेष प्रयोजनका लागि सञ्चालित विद्यालयहरू जस्तै सैनिक विद्यालय, प्रहरी विद्यालय, साझेदारी विद्यालय, प्रतिष्ठानबाट सञ्चालित विद्यालय, सहकारी विद्यालय गैरसरकारी विद्यालय आदिको सञ्चालन तथा व्यवस्थापनमा समन्वय गरी प्रभावकारी कार्यान्वयन गरिनेछ। त्यस्ता विद्यालयले समेत अनिवार्य रुपमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा प्रतिवेदन बुझाउनुपर्ने व्यवस्था गरिनेछ ।

१०.९.४. माध्यमिक तहका कक्षाहरूमा अङ्ग्रेजी वा नेपाली वा दुबै भाषाका माध्यमबाट पठनपाठन गर्ने व्यवस्था मिलाइनेछ ।

**नीति १०.१० माध्यमिक शिक्षामा सबैको पहुँच विस्तार गर्नुका साथै विद्यार्थीको रुचि र समाजको आवश्यकता अनुरुप माध्यमिक शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर प्रदान गर्ने ।**

१०.१०.१ माध्यमिक शिक्षा प्राप्त गर्न चाहने सबैका लागि निःशुल्क माध्यमिक शिक्षामा पहुँच सुनिश्चित गर्न उपयुक्त कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१०.१०.२ माध्यमिक शिक्षा अन्तर्गत कक्षा नौ र दशमा स्वेच्छिक रुपमा व्यावसायिक शिक्षा लिन पाउने व्यवस्था गर्नुका साथै माध्यमिक शिक्षा अन्तर्गत दश कक्षा पूरा गरिसकेपछि प्राविधिक तथा व्यावसायिक सीप विकासका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.१०.३ माध्यमिक विद्यालयमा भौतिक तथा शैक्षिक पूर्वाधार, पठनपाठन प्रक्रिया, सिकाइ वातावरणमा सुधार गरी गुणस्तर अभिबृद्धि गरिनेछ ।

१०.१०.४ माध्यमिक शिक्षामा विज्ञान तथा प्रविधि शिक्षाको अवसर विस्तार गर्न सुविधासम्पन्न राष्ट्रिय विज्ञान विद्यालय सञ्चालन गरिनेछ ।

**(घ) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम**

**नीति १०.११ सङ्घीय तहमा स्थापना हुने राष्ट्रिय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम परिषद्मार्फत प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन, अनुसन्धान, नवप्रवर्तन र उद्यमशीलता विकास जस्ता कार्य सम्पादन गरी दक्ष प्राविधिक जनशक्ति उत्पादनमा जोड दिने ।**

१०.११.१ श्रम बजारको आवश्यकताका आधारमा सीप नक्साङ्कन गरी तोकिएको मापदण्डका आधारमा सबै स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप प्रदायक संस्थाहरूको स्थापना गरिनेछ । यस कार्यमा मुनाफा नलिने निजी र सहकारी क्षेत्रलाई समेत सहभागी गराइनेछ ।

१०.११.२ प्राविधिक शिक्षालय वा विद्यालयमा स्थानीय विशेषता, आवश्यकता र सम्भावनाका आधारमा तोकिएको गुणस्तर

मापदण्ड पूरा गर्न सकिने विधाका प्राविधिक तथा व्यावसायिक शिक्षा (डिप्लोमा तह सम्म) का कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१०.११.३ प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकाससँग सम्बन्धित हुने सबै विषय, क्षेत्र र कार्यक्रमहरू समेटिने गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी कानुनी व्यवस्था गरिनेछ ।

१०.११.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका लागि क्रेडिट ट्रान्सफर तथा क्रेडिट बैङ्किङ्को अवधारणा लागू गरिनेछ ।

१०.११.५ सङ्घीय कानुनसँग अनुकूल हुने गरी प्रादेशिक सरकारले प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप बिकास सम्बन्धी कानुन बनाई आफ्नो प्रदेशभित्र कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ र त्यसरी सञ्चालित कार्यक्रमहरूको नजिकबाट व्यवस्थापन, अनुगमन तथा निरीक्षण स्थानीय तहबाट गर्ने व्यवस्था मिलाइनेछ ।

१०.११.६ प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा आवश्यक जनशक्ति उत्पादनका लागि विश्वविद्यालयहरूसँग सहकार्य गर्नुका साथै उनीहरूको क्षमता विकासमा जोड दिइनेछ ।

**नीति १०.१२ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा संस्थागत विस्तार गरी सीप विकासमा जोड दिँदै रुचि राख्ने सबैका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीप विकास अवसर उपलब्ध गराउने ।**

१०.१२.१. विद्यार्थीहरूको रुचीको आधारमा सबैलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको अवसर प्रदान गर्न संस्थागत संयन्त्रको विस्तार गरिनेछ । यसका लागि देश विकासका निम्ति आवश्यक पर्ने विधाका जनशक्ति उत्पादन

हुने गरी नयाँ संस्थाहरू नयाँ विधाका सीप विकासमा केन्द्रित गरिनेछ ।

१०.१२.२. प्रत्येक प्रदेशमा कम्तिमा एउटा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका विषयगत प्रयोगशाला सहितका अनुसन्धानशालाहरू स्थापना गरिनेछ ।

१०.१२.३. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासबाट प्रशिक्षित महिला, युवा, अल्पसङ्ख्यक, लोपोन्मुख, पिछडिएका समुदाय, जनजातिहरूलाई निश्चित मापदण्डका आधारमा अध्ययन, अनुसन्धानका अवसर सिर्जना गर्नुका साथै वृत्ति विकास कार्यक्रमलाई प्राथमिकताका साथ प्रोत्साहित गरिनेछ ।

१०.१२.४. प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूका लागि निःशुल्क अवसर वा सहुलियत ब्याजदरमा ऋण उपलव्ध गराउने व्यवस्था क्रमशः मिलाइनेछ ।

१०.१२.५. निजी क्षेत्रका रोजगारदाता सङ्घ संस्थाहरूको साझेदारीमा औद्योगिक सीप विकास (Apprenticeship) कार्यक्रम, इन्टर्नसीप र अन् द जब ट्रेनिङ्ग सञ्चालन गरिनेछ ।

१०.१२.६. देशभित्रका खनिज सम्पदाहरूको उचित अन्वेषण संरक्षण र उत्खनन् तथा भू-वैज्ञानिक अध्ययन एवं अनुसन्धान गर्न चाहिने मानव संसाधन स्वदेशी विश्वविद्यालयबाटै उत्पादन गर्न आवश्यक प्रबन्ध गरिनेछ ।

१०.१२.७. श्रम बजारको अध्ययन तथा अनुसन्धान गरी बजारको माग अनुसार नयाँ सीप, प्रविधि विकास गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

**नीति १०.१३ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता विकासको लागि निरन्तर पेशागत क्षमता विकास गर्नुका साथै सेवा प्रवेशका लागि प्रशिक्षकहरूको प्रशिक्षण अनुमति पत्रको व्यवस्था लागू गर्ने र**

**प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको पाठ्यक्रम, पाठ्यसामग्री र प्रशिक्षण विधिमा आधुनिकीकरण गर्ने ।**

१०.१३.१ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक संस्थाका प्रशिक्षकहरूको लागि सक्षमता मापदण्ड निर्माण गरी सोको आधारमा परीक्षण गरी प्रशिक्षण अनुमतिपत्र लिनुपर्ने व्यवस्था गरिनेछ ।

१०.१३.२ प्राविधिक तथा व्यावसायिक शिक्षाका क्षेत्रमा आवश्यक जनशक्ति उत्पादनका लागि विद्यालय, प्राविधिक शिक्षालय र विश्वविद्यालयहरूसँग सहकार्य गरिनेछ ।

१०.१३.३ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत विद्यालय स्तरमा सञ्चालन भइरहेको प्राविधिक धारतर्फको कक्षा ९-१२ को कार्यक्रम र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तर्गत सञ्चालित तीन बर्षे प्राविधिक डिप्लोमा कार्यक्रमलाई एउटै ढाँचामा ल्याई समानस्तरको तीन बर्षे पाठ्यक्रम लागू गरिनेछ ।

१०.१३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा सामाजिक सक्षमता (Social Competencies) तथा उद्यमशीलतालाई अनिवार्य रूपमा समावेश गरिनेछ । समय सान्दर्भिक राष्ट्रिय व्यावसायिक मानक तयार गरी सोका आधारमा पाठ्यक्रम, सिकाइ सामग्री, दक्ष प्रशिक्षक, प्रविधियुक्त शिक्षण र मूल्याङ्कनका आधार तयार पारिनेछ ।

१०.१३.५ प्राविधिक तथा व्यावसायिक शिक्षासम्बन्धी परीक्षा राष्ट्रिय परीक्षा बोर्डबाट सञ्चालन गर्न आवश्यक कानुनी र संरचनागत प्रवन्ध गरिनेछ ।

१०.१३.६ प्राविधिक शिक्षाका गतिविधिलाई प्रयोगात्मक, व्यावहारिक र समयानुकूल बनाउन शैक्षिक संस्थाले उद्योग, व्यापार, संघ, संस्था लगायतका कार्यस्थल र समुदायसँग सहकार्य र लागत साझेदारी गर्ने प्रबन्ध गरिनेछ ।

१०.१३.७ प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रमहरुमा आधुनिक सूचना प्रविधिको प्रयोग गरी अन्तर्राष्ट्रिय अनुभव र राष्ट्रिय मापदण्ड अनुरुप हुने गरी प्रत्यक्ष र अनलाइन शिक्षण एवम् प्रशिक्षण प्रणालीको विकास गरिनेछ ।

**(ङ) उच्च शिक्षा**

**नीति १०.१४ उच्च शिक्षामा समन्वय, अनुदान वितरण, गुणस्तर सुनिश्चितता तथा प्रत्यायन, राष्ट्रिय योग्यता परीक्षण, मापदण्ड निर्धारण, अनुगमन तथा नियमन लगायतका कार्य गर्ने संस्थागत विकास तथा सुदृढीकरण गर्ने ।**

१०.१४.१. उच्च शिक्षाको नीति निर्देश गर्ने, विश्वविद्यालयहरूलाई निर्देशन दिने, विश्वविद्यालय अनुदान आयोगलाई मार्गदर्शन गर्ने लगायतका कार्य गर्नका निम्ति प्रधानमन्त्रीको अध्यक्षतामा विश्वविद्यालय तथा उच्च शिक्षा परिषद् गठन गरिनेछ ।

१०.१४.२. विश्वविद्यालय तथा उच्च शिक्षा परिषद्मा नेपाल सरकारका मानव संसाधन विकाससँग प्रत्यक्ष सम्बन्ध राख्ने मन्त्रालयहरू, राष्ट्रिय योजना आयोग, विश्वविद्यालयका उपकुलपतिहरू वा अध्यक्षहरू, प्रदेश तथा स्थानीय तहका प्रतिनिधिहरू, शिक्षाविद्हरू, उद्योगी, व्यवसायी, व्यापारीहरू, चन्दादाता तथा समाजसेवीहरू रहने व्यवस्था मिलाइनेछ ।

१०.१४.३. उच्च शिक्षालाई व्यवस्थित गर्ने, उच्च शिक्षाका तत्कालिन तथा दीर्घकालिन नीति र रणनीतिहरू कार्यान्वयन गर्ने, गराउने, राज्यका मानव संशाधन विकासका आबश्यकता र उच्च शिक्षाबीच सामन्जस्य स्थापना गर्ने, उच्च शिक्षाका प्रदायकहरूबीच समन्वय कायम गर्ने, गुणस्तर सुनिश्चितता एवं प्रत्यायन गर्ने, विश्वविद्यालयलाई आवश्यक समन्वय गर्ने, समकक्षता निर्धारण गर्ने लगायतका कार्य गर्नका लागि हालको विश्वविद्यालय अनुदान आयोगलाई सवल बनाइनेछ ।

१०.१४.४. विश्वविद्यालय अनुदान आयोगलाई संस्थागत सुदृढीकरण गरी विश्वविद्यालयहरूलाई अनुदान प्रदान गर्ने, गुणस्तर सुनिश्चितता एवं प्रत्यायन गर्ने, जनशक्तिको राष्ट्रिय योग्यता परीक्षण गर्ने र उच्च शिक्षाको अनुगमन तथा नियमन गर्ने कार्यमा परिचालन गरिनेछ ।

१०.१४.५. साधारण विषय अध्यापन गरिरहेका उच्च शिक्षा प्रदायक शिक्षण संस्थालाई आवश्यकता र नक्साङ्कनका आधारमा प्राविधिक शिक्षालयका रूपमा रूपान्तरण गर्न प्रोत्साहन गरिनेछ ।

१०.१४.६. ठूलो आकार र विद्यार्थी संख्या बढी भई व्यवस्थापन, अनुगमन र परीक्षा जस्ता पक्षमा चुस्तता र गुणस्तर कायम गर्न त्रिभुवन विश्वविद्यालयको पुनःसंरचना गरिनेछ ।

१०.१४.७. पर्यटन, उद्योग, खेलकुद, जडिबुटीसँग सम्बन्धित विभिन्न विषयको पठनपाठनमा जोड दिँदै ती क्षेत्रमा आवश्यक पर्ने दक्ष जनशक्तिको विकास गर्न मानित विश्वविद्यालय स्थापना गर्ने व्यवस्था मिलाइनेछ ।

१०.१४.८. उच्च शिक्षाका संस्थाहरू अन्य देशका विश्वविद्यालय वा देशभित्रकै अन्य विश्वविद्यालयसँग विश्वविद्यालय अनुदान आयोगले निर्धारण गरेको मापदण्डको अधीनमा रही सहकार्य ( Collaboration) गर्न सक्ने व्यवस्था गरिनेछ ।

१०.१४.९. सामान्यतया विश्वविद्यालयहरूलाई सम्बन्धन नदिने संस्थाका रुपमा विकास गर्दै लगिनेछ । सम्बन्धन दिनुपर्ने अवस्थामा विश्वविद्यालय अनुदान आयोगको पूर्व स्वीकृतिमा औचित्य पुष्ट्याइँ सहित सम्बन्धन प्रदान गर्न सकिने गरी प्रभावकारी रुपमा नियमन गरिनेछ ।

१०.१४.१०. विश्वविद्यालयका विद्यार्थी संख्या ज्यादै कम भएका क्याम्पस वा शिक्षण संस्थाहरूलाई मर्जरमा लैजानुका साथै मर्जिङमा गएका क्याम्पस वा शिक्षण संस्थामा कार्यरत जनशक्तिको उत्पादनमूलक ढंगले व्यवस्थापन गर्ने व्यवस्था मिलाइनेछ ।

१०.१४.११. उच्च शिक्षाको पहुँच विस्तारका लागि खुला विश्वविद्यालयको कार्यक्रममा विस्तार एवम् विविधीकरण गरिनेछ । उच्च शिक्षाका शिक्षण संस्थाहरुलाई जीवनपर्यन्त शिक्षाका कार्यक्रमहरु सञ्चालनको लागि प्रोत्साहन गरिनेछ ।

**नीति १०.१५ विश्वविद्यालयस्तरको शिक्षाको शिक्षण सिकाइका विधि, प्रविधि, प्रक्रिया र पाठ्यक्रममा समयानुकूल परिमार्जन गर्नुका साथै सूचना प्रविधिको प्रयोग बढाउने ।**

१०.१५.१. विश्वव्यापीकरण एवं अन्तर्राष्ट्रियकरण र स्थानीयकरणबीच सन्तुलन तथा ऐतिहासिक ज्ञानलाई आधुनिक ज्ञानसँग र स्थानीय ज्ञानलाई विश्व ज्ञानसँग जोड्दै राष्ट्रिय आवश्यकता सम्बोधन हुने गरी उच्च शिक्षा तथा अनुसन्धानका कार्यक्रमहरू सञ्चालन गर्दै जाने गरी विद्यमान पाठ्यक्रममा परिमार्जन गरिनेछ ।

१०.१५.२. उच्च शिक्षाका विधा र विषयमा विविधीकरण गरी राष्ट्र विकासको नवीन क्षेत्रसँग सम्बन्धित जनशक्ति उत्पादन गर्न आवश्यक नयाँ पाठ्यक्रमको विकास गरिनेछ ।

१०.१५.३. उच्च शिक्षाको पठनपाठनलाई परियोजनामा आधारित, खोजमुखी र अनुसन्धान केन्द्रित बनाई विद्यार्थीलाई स्वायत्त सिकारु बनाउँदै ज्ञान निर्माण तथा उत्पादनमा केन्द्रित गरिनेछ ।

१०.१५.४. अनुसन्धान तथा नवप्रवर्तनलाई उच्च शिक्षाको अभिन्न अंगको रुपमा विकास गर्दै विकास निर्माण सम्बद्ध निकाय र विश्वविद्यालयबीच साझेदारी तथा सहकार्य गरी अनुसन्धानका प्राप्तिको व्यावहारिक प्रयोगको वातावरण सृजना गरिनेछ ।

१०.१५.५. काम र अध्ययनको सम्बन्धलाई सुदृढ गर्न उद्योग, व्यवसाय र संस्थान र शिक्षण संस्थाबीचको सहकार्य र साझेदारी

बढाउने र विद्यार्थीहरूलाई काम गर्दै अध्ययन गर्न पाउने अवसर दिलाइनेछ । त्यसैगरी शिक्षा क्षेत्रलाई उत्पादन र सेवाका अन्य क्षेत्रसँग आवद्ध गराइनेछ ।

१०.१५.६. अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने सक्षमता विकास गर्ने उद्देश्यसहित शैक्षिक कार्यक्रमहरूको परिमार्जन गरिनेछ ।

१०.१५.७. उच्च शिक्षामा अध्यापन, प्राध्यापन र अनुसन्धान गर्न चाहने व्यक्तिहरूको विज्ञताको लेखाजोखा गर्न राष्ट्रिय योग्यता परीक्षण प्रणाली लागू गरिनेछ ।

**नीति १०.१६ हाल सञ्चालनमा रहेका र प्रदेशस्तरमा रहन इच्छुक विश्वविद्यालयहरुलाई प्रदेश सरकारको समन्वयमा प्रादेशिक विश्वविद्यालयका रुपमा संचालन गर्न अभिप्रेरित गर्ने ।**

१०.१६.१. प्रदेश स्तरमा विश्वविद्यालय स्थापना गर्दा हालका विश्वविद्यालयबाट सम्बन्धन लिएका वा आङ्गिक शैक्षिक संस्थाहरूको नक्साङ्कन तथा अध्ययनका आधारमा गाभेर विश्वविद्यालय वा विश्वविद्यालय कलेजका रूपमा स्तरोन्नति गर्ने नीति लिइनेछ ।

त्यसरी प्रदेश स्तरमा हस्तान्तरण गर्दा नेपाल सरकारले दिँदै आइरहेको अनुदान कटौति नहुने र जनशक्तिको सेवा, शर्त र सुविधामा प्रतिकूल असर नपर्ने व्यवस्था मिलाइनेछ ।

१०.१६.२. सार्वजनिक तथा सामुदायिक उच्च शिक्षा प्रदायक शिक्षण संस्थाहरूको नक्शाङ्कनका आधारमा प्रदेश क्षेत्रका भूगोल, विषय विशेषता र आपसी समझदारीमा समायोजन भई छुट्टै विश्वविद्यालय बन्न चाहेमा सामुदायिक विश्वविद्यालयका रूपमा रूपान्तरण गर्न सक्ने व्यवस्था गरिनेछ ।

**नीति १०.१७ चिकित्सा शिक्षालाई सेवामूलक तथा गैरनाफामूलक बनाउन गुणस्तरीय, विवेकशील तथा सामाजिक दायित्वबोध भएका चिकित्साकर्मीहरूको उत्पादन गर्न चिकित्सा शिक्षा आयोगको सुदृढीकरण गर्ने र चिकित्सा शिक्षामा सक्षमतामा आधारित** (Competency Based) **पाठ्यक्रम लागू गर्ने ।**

१०.१७.१. चिकित्सा शिक्षा सम्बन्धी सम्पूर्ण संस्था तथा कार्यक्रमहरू संघीय सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालयको समन्वयमा सञ्चालन गर्ने व्यवस्था मिलाउनुका साथै चिकित्सा शिक्षा आयोगको नियमन, नेतृत्व र निर्देशनमा गुणस्तर कायम गराइनेछ । चिकित्सा शिक्षा सम्बन्धी प्रतिष्ठानहरूलाई एकीकृत प्रतिष्ठानका रुपमा सञ्चालन गर्न आवश्यक कानूनी प्रवन्ध गरिनेछ ।

१०.१७.२. चिकित्सा शिक्षाको पाठ्यक्रम र शिक्षण सिकाइ प्रक्रियामा विद्यार्थीको सृजनशीलता तथा समस्याको विश्लेषण क्षमता, सहकार्य सीप, कार्य कौशल, समस्या समाधान सीप आदिमा जोड दिइनेछ । सोको वास्तविक मूल्याङ्कनका निम्ति मूल्याङ्कन प्रणालीमा सुधार तथा परिवर्तन गर्ने संस्कारको विकास गरिनेछ ।

१०.१७.३. पूर्वाधार पूरा गरेका स्वास्थ्य संस्थाहरूमा नेशनल बोर्ड अफ मेडिकल स्पेशियल्टीजको तत्वावधानमा स्नातकोत्तर चिकित्सा शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्न अनुमति दिइनेछ।

१०.१७.४. चिकित्सा शिक्षाको पाठ्यक्रमले नैतिक मूल्य मान्यता, सञ्चार सीप एवं समुदायप्रति दायित्वबोध गर्ने खालका विषयवस्तु समेत समेट्नुपर्ने र शिक्षण अभ्यास तथा इन्टर्नसीपलाई वैज्ञानिक एवं सापेक्षिक बनाउन स्वास्थ्य शिक्षा प्रविधिको उच्चतम प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।

१०.१७.५. चिकित्सा शिक्षा लगायत प्राविधिक विषयहरूमा सरकारले उपलब्ध गराएको छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीहरूले अध्ययन पूरा गरे पश्चात् कानून बमोजिमको अवधिभर अनिवार्य सेवा गर्नुपर्ने व्यवस्था मिलाइनेछ ।

१०.१७.६. चिकित्सा शिक्षा सम्बन्धी नयाँ संस्थाहरू स्थापना एवं सञ्चालन गर्दा भौतिक पूर्वाधार, जनशक्ति तथा आर्थिक व्यवस्थापनका साथै जनसंख्या र भौगोलिक सन्तुलनलाई समेत आधार बनाउनुपर्ने गरी कानूनी प्रवन्ध गरिनेछ ।

**नीति १०.१८ आयुर्वेद चिकित्सा क्षेत्रमा स्वदेशमै विशेषज्ञ जनशक्तिको उत्पादन, औषधि उत्पादन र गुणस्तर अभिवृद्धि गर्न आयुर्वेद विश्वविद्यालय स्थापना गर्ने ।**

१०.१८.१. आयुर्वेद अध्ययन अध्यापन गर्ने गरी छुट्टै विश्वविद्यालय स्थापना गरी यसको आंगिक कलेजको रूपमा माग र आवश्यकता अनुरुप प्रत्येक प्रदेशमा आयुर्वेद कलेज स्थापना गरिनेछ ।

१०.१८.२. स्वास्थ्यसँग सम्बन्धित संकायहरू जस्तै : इ-मेडिसिन, डेन्टिष्ट्र, नर्सिङ्ग, जनस्वास्थ्य र फार्मेसी विषय क्षेत्रका पाठ्यक्रममा आयुर्वेद सम्बन्धी विषयवस्तु समावेश गरी पठन पाठनको व्यवस्था गरिनेछ ।

**नीति १०.१९ उच्च शिक्षामा विभिन्न विधामा अध्ययन तथा अनुसन्धान विस्तार गर्नुका साथै हालको शिक्षाशास्त्रको शैक्षिक कार्यक्रमको समयानुकूल पुनरावलोकन तथा पुनसंरचना गर्ने ।**

१०.१९.१. नेपालका विश्वविद्यालयहरूले विश्वमा प्रचलनमा रहेका र नेपाली उद्योग, बाणिज्य, पर्यटन, पूर्वाधार विकास, कृषि, वन, जडिबुटी, विज्ञान तथा प्रविधि लगायतका विषयमा

नविन कार्यक्रमहरू विस्तार गरी आवश्यक जनशक्ति उत्पादन गर्नुपर्ने व्यवस्था मिलाइनेछ।

१०.१९.२. प्राज्ञिक तथा पेसागत डिग्रीको एकीकरण गरिएको हालको शिक्षाशास्त्रका कार्यक्रमहरूको पुनरावलोकन गरी प्राज्ञिक डिग्री पूरा गरेपछि मात्र पेसागत डिग्री प्रदान गर्ने व्यवस्था लागू गरिनेछ ।

१०.१९.३. विज्ञान तथा प्रविधिको उच्च शिक्षाका कार्यक्रमहरूको विस्तार गरी बैज्ञानिक तथा प्राविधिक जनशक्ति उत्पादनमा केन्द्रित गरिनेछ ।

**नीति १०.२० उच्च शिक्षाका कार्यक्रमहरूमा अन्तराष्ट्रिय विद्यार्थीहरू पनि आकर्षित हुने गरी गुणस्तर र अध्ययन विधि तय गरी नेपालका उच्च शिक्षाका कार्यक्रमहरूलाई अन्तर्राष्ट्रियकरण गर्ने । नेपाली परम्परागत ज्ञान, सीप र प्रविधिको अनुसन्धान गरी प्रतिलिपि अधिकारको सुनिश्चिततासहित विश्वस्तरमा विस्तार गर्ने ।**

१०.२०.१. नेपाल विविध भाषा भाषी, जात जाति, धर्म तथा संस्कृति, रीतिरिवाज एवं रहनसहन भएको मुलुक भएको हुनाले मानविकी, समाजशास्त्र एवं मानवशास्त्रको विद्यार्थीहरूको लागि उत्कृष्ट अध्ययनको केन्द्र बनाइनेछ ।

१०.२०.२. नेपालको जैविक विविधता र हिमाल, पहाड र तराईको प्राकृतिक एवं भौगोलिक विविधता अनुरूप प्राणी, वनस्पति तथा वातावरण सम्वन्धी अध्ययनको केन्द्र बनाइनेछ ।

१०.२०.३. उच्च हिमाली क्षेत्रलाई पर्वतीय अध्ययन केन्द्रको रूपमा स्थापना गरी Mountain Engineering, Mountain Risk-Management, Mountaineering, Climbing, High Altitude Training, High Altitude Sports, Mountain Tourism and Mountain Economy आदि विषयमा

प्राज्ञिक कक्षा सञ्चालन तथा तालिम प्रदान गरी Sports Close Camp, Ski, Paragliding, White water rafting, Canoening, Zip diving लगायतका खेलहरूको प्रशिक्षण र प्रतियोगिताको केन्द्र बनाइनेछ ।

१०.२०.४. मेडिकल, इन्जिनियरिङ, ऊर्जा, जडिवुटि प्रशोधन, कृषि, नगदे वाली, फूल तथा फलफूल, खाद्य प्रविधि, पशुपंक्षीपालन लगायतका प्राविधिक विषयहरू तथा होटल व्यवस्थापन, ट्राभल एण्ड टुरिज्म, हिमाल आरोहण लगायत साहसिक खेल तथा व्यावसायिक सीपहरूमा विदेशी विद्यार्थीहरू आकर्षित गरिनेछ ।

**नीति १०.२१ उच्च शिक्षा हासिल गरिसकेपछि कामको संसारमा प्रवेश गर्न आवश्यक पर्ने ज्ञान, सीप र अभिवृत्तिको व्यावहारिक अनुभव हासिल गर्न र उच्च शिक्षाको लाभ प्रत्यक्ष रूपमा जनतासमक्ष पुऱ्याउन अनिवार्य स्वयंसेवकीय सामाजिक सेवाका रूपमा "राष्ट्रिय विकास सेवा" सञ्चालन गर्ने ।**

१०.२१.१. राष्ट्रिय आवश्यकताका आधारमा प्राविधिक विषयमा स्नातक र साधारण विषयहरूमा स्नातकोत्तर तहमा एक बर्षसम्म अवधिको राष्ट्रिय विकास सेवा गर्नुपर्ने व्यवस्था गरिने र सेवा प्रदान गरेका आधारमा आन्तरिक तथा बाह्य सुपरिवेक्षकबाट अन्तिम मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ ।

१०.२१.२. "राष्ट्रिय विकास सेवा" अन्तर्गत समुदायको सेवा तथा राष्ट्रिय विकासका लागि जाने विद्यार्थीहरूलाई काम अनुसारको निर्वाह खर्च उपलब्ध गराइनेछ ।

१०.२१.३. "राष्ट्रिय विकास सेवा" अन्तर्गत विश्वविद्यालय वा कलेजले कुनै एउटा समुदाय वा भौगोलिक क्षेत्रलाई विशेष प्राथमिकतामा राखी कलेज भिलेज को रूपमा विकास गर्ने,

नक्साङ्कनको आधारमा छुट्याइएको सेवाक्षेत्रमा हरेक कलेज वा विश्वविद्यालयले सेवा गाउँ बनाउने र त्यही क्षेत्रमा नमूना विकास गर्नुपर्ने व्यवस्था गरिनेछ ।

१०.२१.४. विश्वविद्यालयहरूलाई स्वयम् उत्पादनमुखी प्रतिष्ठानका रूपमा विकास गरिनेछ र त्यस्ता प्रतिष्ठानहरूमा उद्यमशीलताका कार्यक्रमहरू सञ्चालन गरी रोजगारीका अवसर सिर्जना गर्दै शिक्षालाई उत्पादनसँग जोडिनेछ ।

**नीति १०.२२ अनुसन्धानलाई उच्च शिक्षाको अभिन्न अङ्गका रूपमा विकास गर्दै नवपर्वतनलाई प्रोत्साहन गर्न कानूनी, संस्थागत र व्यावहारिक उपायहरू अवलम्बन गर्ने ।**

१०.२२.१. शिक्षामा अनुसन्धानलाई प्रोत्साहन दिन, अनुसन्धानका प्राथमिकताहरू पहिचान गर्न, शिक्षा क्षेत्रमा संलग्न अनुसन्धान संस्थाहरूका बीचमा समन्वय कायम गर्न, अनुसन्धानकर्ताहरूका विचमा नियमित अन्तरक्रिया गर्ने पद्धतिको विकास गर्न, अनुसन्धानको गुणस्तर सुनिश्चित गर्न र अनुसन्धानका नतिजाहरूलाई नीति निर्माण र शैक्षिक अभ्यासको सुधारमा अधिकतम रूपमा उपयोगमा ल्याउने वातावरण सिर्जना गर्न राष्ट्रिय शैक्षिक अनुसन्धान परिषद् गठन गरिनेछ ।

१०.२२.२. उच्च शिक्षाको नियमित शैक्षिक कार्यक्रमअनुसार हुने अनुसन्धानका अतिरिक्त राष्ट्रिय प्राथमिकताका क्षेत्रअनुसार तथा नयाँ ज्ञान र प्रविधिको अन्वेषणमा हुने अनुसन्धानका लागि सरकारी लगानी वृद्धि गरिनेछ ।

१०.२२.३. विश्वविद्यालयहरूमा रहेका मौजुदा अनुसन्धान केन्द्र र निकायहरूको क्षमता विकास गरी अनुसन्धानका कार्यक्रमहरूको समसामयिक परिमार्जन गर्नुका साथै

राज्यका महत्वपूर्ण नीति निर्माणमा त्यस्ता अनुसन्धानका नतिजाहरूको उपयोग गरिने छ ।

१०.२२.४. उच्च शिक्षा प्रदायक विश्वविद्यालय तथा प्रतिष्ठानहरूले बार्षिक रुपमा तोकिएबमोमिजको अनुसन्धान कार्य सम्पन्न गर्नुपर्ने र त्यस्ता अनुसन्धानहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलमा अनिवार्य रुपमा प्रकाशन गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याइनेछ ।

**नीति १०.२३ शैक्षिक गुणस्तर कायम गर्न सक्ने अवस्थामा मात्र विदेशी विश्वविद्यालय वा सम्बद्ध शैक्षिक संस्थाहरूलाई नेपालमा कार्यक्रम चलाउने स्वीकृति दिने र नेपालका विश्वविद्यालयहरूमा सञ्चालन नभएका, नयाँ प्रविधिसम्बद्ध विषयका कार्यक्रमहरू विदेशी विश्वविद्यालयसँग सम्बन्धनमा नेपालमा सञ्चालन गरी नेपाललाई विश्वस्तरीय शिक्षा प्रदान गर्ने शैक्षिक केन्द्र** (Education Hub) **बनाउने ।**

१०.२३.१. शिक्षण संस्था र सम्बन्धन प्रदायक निकायबीच भएको सम्झौताको आधिकारिकता, विश्वविद्यालयको गुणस्तरसमेतका सम्बन्धमा अनिवार्य रूपमा परराष्ट्र मन्त्रालयमार्फत् सम्बन्धित कुटनीतिक नियोगबाट बुझेर मात्र सम्बन्धन परिवर्तन, थप कार्यक्रम सञ्चालन तथा नयाँ कार्यक्रम सञ्चालन स्वीकृति प्रदान गरिनेछ ।

१०.२३.२. अनुमति प्राप्त गरी सञ्चालनमा रहेका संस्थाहरूले विदेशी शिक्षक, व्यवस्थापक तथा कर्मचारी भर्ना गर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्ने प्रावधानको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१०.२३.३. विदेशी बोर्डबाट सम्बन्धन लिई सञ्चालनमा रहेका शिक्षण संस्थाहरू (कुटनीतिक नियोगले सञ्चालन गरेका बाहेक) ले अनिवार्य रूपमा राष्ट्रिय मापदण्ड पालना गर्नुपर्ने व्यवस्था गरिनेछ ।

१०.२३.४. विदेशी विश्वविद्यालयको सम्बन्धनमा खोलिएका र सञ्चालनमा रहेका शिक्षण संस्था र शैक्षिक कार्यक्रमहरूको नियमन तथा व्यवस्थापनका लागि आवश्यक कानूनी प्रवन्ध गरिनेछ ।

१०.२३.५. विदेशी शैक्षिक कार्यक्रम सञ्चालन अनुमति प्राप्त गरेका शिक्षण संस्थाहरूले स्वदेशी लगानीकर्ता भए दश प्रतिशत र विदेशी लगानीकर्ता भए बीस प्रतिशत विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्नु पर्ने र त्यस्तो छात्रवृत्ति प्रदान गर्दा राज्यको प्राथमिकतामा परेका आर्थिक रुपले विपन्न जेहेन्दार, विपन्न दलित, अपाङ्गता भएका विपन्न व्यक्ति लगायतका लक्षित वर्गका विद्यार्थीहरूलाई उपलब्ध गराई सम्बन्धित संस्थाले सोको विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था मिलाइनेछ ।

१०.२३.६. विदेशी विश्वविद्यालय वा बोर्डबाट सम्बन्धन प्राप्त गरी नेपालमा सञ्चालित उच्च शिक्षा प्रदायक शिक्षण संस्थाले मन्त्रालयले निर्धारित गरेका मापदण्ड बमोजिम विद्यार्थी भर्ना गर्न पाउने व्यवस्था गर्नुका साथै तोकिएको संख्यामा विदेशी विद्यार्थीलाई अध्यापन गर्ने व्यवस्था मिलाइनेछ ।

१०.२३.७. नेपाललाई निश्चित विषयहरूमा विश्वस्तरको शिक्षा उपलब्ध गराउने शैक्षिक केन्द्र (Educational Hub) को रुपमा विकास गरिनेछ ।

**नीति १०.२४ हिन्दु, वौद्ध लगायतका पौरस्त्य दर्शन, सभ्यता, संस्कृति लगायतको केन्द्रविन्दु बनाई पूर्वीय दर्शन, पूर्वीय चिन्तन, मौलिक दर्शन एवं परम्परा, आयुर्वेद, योग, प्राकृतिक चिकित्सा, मानविकी, समाजशास्त्र, मानवशास्त्र, जैविक विविधता, पर्यटन, जडिबुटी लगायत सम्पदामा आधारित अध्ययन तथा अनुसन्धानको व्यवस्था मिलाउने ।**

१०.२४.१. हिन्दू, बौद्ध लगायतका पौरस्त्य दर्शन, सभ्यता, संस्कृति लगायतको केन्द्र विन्दु बनाई पूर्वीय दर्शन, पूर्वीय चिन्तन, मौलिक दर्शन एवं परम्परा, आयुर्वेद, योग, प्राकृतिक चिकित्सा, आदि विषयको अध्ययन तथा अनुसन्धान केन्द्रको विकास गरिनेछ ।

१०.२४.२. योग, ध्यान र दर्शनको अध्ययन र अभ्यासलाई विद्यालयमा मात्र सीमित नराखी राष्ट्रिय अभियान र जनसंस्कृतिका रूपमा देशभरि सबै नागरिकमा विस्तार गर्दै यसका लागि सामुदायिक सिकाइ केन्द्र, खुला विद्यालय तथा विश्वविद्यालय, पुस्तकालयको सञ्जाल विस्तार गरिनेछ ।

१०.२४.३. नेपालको आफ्नै मौलिक कला र संस्कृति चित्रकला, मूर्तिकला, काष्ठकला, प्रस्तरकला, परम्परागत कला एवं प्रविधि, विविध बाद्यबाधन, विभिन्न गीत, संगीत तथा नृत्यलाई समेटेर विशिष्टतामा आधारित कला तथा संस्कृति विश्वविद्यालय वा एकेडेमी मार्फत विदेशी विद्यार्थीहरूलाई आकर्षित गरिनेछ ।

**नीति १०.२५ अनुसन्धान तथा विकासमा लगानी बढाउने र यस्तो लगानी आधारभूत तथा बैज्ञानिक अनुसन्धान र व्यवहारिक (Applied) अनुसन्धानका निम्ति सार्वजनिक, निजी क्षेत्रका उद्योगहरू एवं अन्य शैक्षिक एवं प्राज्ञिक क्षेत्रहरूबीच सहकार्य गर्ने र अनुसन्धानलाई विकाससँग जोड्न अनुसन्धान संस्था र उत्पादन संस्थाबिच साझेदारी गराउने ।**

१०.२५.१ विश्वविद्यालय, अनुसन्धान प्रतिष्ठान र औद्योगिक प्रतिष्ठानहरूबीच सहकार्य गरी औद्योगिक प्रतिष्ठानहरूलाई अनुसन्धान र विकासमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

१०.२५.२ विभिन्न निकायअन्तर्गत सेवा प्रदान गर्दै आएका प्रयोगशालाहरूलाई सुदृढ गरी राष्ट्रियस्तरका अनुसन्धानशाला बनाइनेछ ।

१०.२५.३ हालको संस्थागत संरचनामा सुधार गरी त्यस्ता अनुसन्धान केन्द्रहरूलाई प्राज्ञिक संस्था अन्तर्गत रहने व्यवस्था गरिनेछ ।

१०.२५.४ उच्च पर्वतीय पारिस्थितिक प्रणाली, जलश्रोतजस्ता नेपालको विशेषता रहेका विषयमा अन्तर्राष्ट्रियस्तरको उत्कृष्ट अनुसन्धान केन्द्रहरू स्थापना तथा विकास गरी त्यस्ता विषयलाई राष्ट्रको पहिचान क्षेत्र बनाइनेछ ।

१०.२५.५ कृषि, जनस्वास्थ्य, साना उद्योग, उर्जा, यातायात र आवासजस्ता विषयहरू र सूचना प्रविधिमा विकासमूलक र व्यावहारिक अनुसन्धान, अन्वेषण गर्न र प्रविधि विकास र उपयोगमा सहयोग पुऱ्याउन नवप्रवर्तन केन्द्रहरू (Innovation Centers) को स्थापना गरिनेछ।

१०.२५.६ विश्वविद्यालय अन्तरगतका अनुसन्धान संस्थाहरूलाई स्वायत्त र आत्मनिर्भर अनुसन्धान संस्थाका रूपमा विकास गरिनेछ ।

१०.२५.७ अनुसन्धान तथा विकाससम्बन्धी कार्यलाई प्राथमिकताका साथ व्यवस्थित गर्न केन्द्र, प्रदेश र स्थानीय तहबीच साझेदारी र सहकार्य गर्न सक्ने गरी आवश्यकता र सम्भावनाका आधारमा अनुसन्धान संयन्त्रको स्थापना गरिनेछ ।

१०.२५.८ अनुसन्धानका गतिविधिलाई पाठ्यक्रम र पाठ्यसामग्रीको विकास, शिक्षक तयारी, विकास एवं तालिम, शिक्षणसिकाइ र मूल्याङ्कन को अभिन्न अङ्गका रूपमा अवलम्बन गर्ने पद्धतिको विकास गर्ने र शिक्षक र विद्यार्थीहरूमा अनुसन्धान संस्कारको विकास गर्ने व्यवस्था गरिनेछ ।

१०.२५.९ अनुसन्धानसम्बन्धी दक्ष जनशक्तिको विकासका निम्ति तालिम, प्रशिक्षण जस्ता कार्यक्रम सञ्चालन गर्ने र त्यसबाट उत्पादित जनशक्तिले आफ्नो क्षमता अभिबृद्धि गर्न स्वाध्ययन एवं स्वःअनुसन्धान गर्ने संस्कार विकास गरिनेछ ।

१०.२५.१० सरकारी कोषबाट गरिने अनुसन्धानको लागि विश्वविद्यालयहरूलाई समेत प्रतिस्पर्धामा जान सक्षम बनाउने र त्यसरी विश्वविद्यालयले सञ्चालन गर्ने अनुसन्धानमा विद्यार्थीहरूलाई समेत परिचालन गरिनेछ ।

**(च) अनौपचारिक, जीवन पर्यन्त, परम्परागत र खुला शिक्षा**

**नीति १०.२६ राष्ट्रिय पुस्तकालयहरूको क्षमता अभिबृद्धि गर्दै सामुदायिक पुस्तकालय र सामुदायिक सूचना केन्द्रलाई सामुदायिक सिकाइ केन्द्रसँग जोडेर सुदृढ सामुदायिक सिकाइ तथा स्रोत केन्द्रको रूपमा विकास गरी आजीवन सिकाइ र निरन्तर शिक्षाको केन्द्र बनाउने ।**

१०.२६.१. देशभरी सञ्चालित सामुदायिक तथा सार्वजनिक पुस्तकालय तथा वाचनालयहरूलाई राष्ट्रिय प्रणालीमा आबद्ध गरी तिनीहरूको संरक्षण, सुदृढीकरण एवं विकास गर्ने र पुस्तकालय तथा वाचनालयको पहूँच नपुगेका स्थानमा योजनाबद्ध रूपमा विस्तार गर्दै लगिनेछ ।

१०.२६.२. सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरूको तथ्याङ्क अद्यावधिक गरी स्पष्ट मापदण्डका आधारमा तिनीहरूको बर्गीकरण गर्ने तथा स्थानीय, प्रदेश र संघीय सरकारको ब्यबस्थापन, लगानी र रेखदेखमा संचालनको ब्यबस्था मिलाइनेछ ।

१०.२६.३. प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा सार्वजनिक पुस्तकालयको स्थापना गरी आधुनिक सूचना तथा सञ्चार प्रविधियुक्त बनाइनेछ ।

१०.२६.४. पुस्तकालयलाई जनोपयोगी, सेवामुखी र आत्मनिर्भर बनाउँदै लैजाने एवं यस्ता पुस्तकालयबाट स्थानीय तहका सबै वडाहरूमा स्याटलाईट पुस्तकालय तथा घुम्ती पुस्तकालय सेवा सञ्चालन गरिनेछ ।

१०.२६.५. आधारभूत तहदेखि उच्च शिक्षासम्म सबै शैक्षिक संस्थाहरूमा पुस्तकालय विकास, व्यबस्थापन तथा सञ्चालनको मापदण्ड तयार गरी पर्याप्त सन्दर्भसामग्री सहितका पुस्तकालयहरू स्थापना गरिनेछ ।

१०.२६.६. आजीवन सिकाइ तथा निरन्तर शिक्षाको लागि स्थानीय तहको प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना गरी आवश्यकताअनुसार विस्तार तथा सुदृढीकरण गरिनेछ ।

**नीति १०.२७ अनौपचारिक, खुला र परम्परागत बिद्यालयबाट प्रदान गरिने शिक्षालाई राष्ट्रिय शिक्षा प्रणालीमा आबद्ध गरी औपचारिक विद्यालय शिक्षाको समकक्षी बनाउने ।**

१०.२७.१ साक्षर नेपाल घोषणा गरी शिक्षित नेपाल बनाउनमा केन्द्रित आजीवन सिकाइका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१०.२७.२ खुला शिक्षाको अवसर बढाउनका निम्ति विद्यालय तथा खुला शिक्षण संस्थाको विस्तार गरिने र खुला विद्यालय तथा विश्वविद्यालयका विद्यार्थीहरूलाई लक्षित गरी मुद्रित, मल्टिमिडिया र अनलाइनमा आधारित सिकाइ सामग्री विकास गरिनेछ ।

१०.२७.३ खुला तथा दूर शिक्षाका कार्यक्रमहरू सञ्चालनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढावा दिँदै यसलाई थप

प्रभावकारी बनाउन छुट्टै शैक्षिक रेडियो तथा टेलिभिजन च्यानलहरूको सञ्चालन गरिनेछ ।

१०.२७.४ धार्मिक प्रकृतिका परम्परागत विद्यालयको नियमन र सहजीकरणका लागि गुरुकुल शिक्षा बोर्ड, मदर्शा शिक्षा बोर्ड र गुम्बा शिक्षा बोर्ड गठन गर्न सकिनेछ ।

१०.२७.५ परम्परागत शिक्षासम्बन्धी बोर्डले सम्बन्धित संस्थाको मूलप्रवाहीकरण र गुणस्तरीयताका लागि सबै तहका शिक्षाको मापदण्ड निर्धारण, पाठ्यक्रम निर्माण र परिमार्जन, ब्रिज कोर्स र समकक्षता निर्धारण लगायत समन्वय र सहजीकरण गर्ने व्यवस्था मिलाइनेछ ।

१०.२७.६ मौलिक दर्शन र ज्ञान प्रणालीलाई आधुनिक प्राकृतिक विज्ञान र समाज विज्ञानका स्थापित ज्ञान र सिद्धान्तहरूसँग यथोचित ढङ्गले तादात्म्यता मिलाएर लगिनेछ ।

**(छ) समावेशी र विशेष शिक्षा**

**नीति १०.२८ अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ आवश्यकता पूरा गर्न समावेशी शिक्षा एवं विशेष शिक्षाका अवसर प्रदान गर्ने र जीवनोपयोगी तथा व्यावसायिक सीप विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्रीमा अनुकूलन गर्ने ।**

१०.२८.१ अपाङ्गता भएका, अशक्त र घरबाट विद्यालय आवतजावत गर्न असमर्थ तर विद्यालयमा अध्ययन गर्न सक्ने बालबालिकाका लागि पायक पर्ने स्थानमा आवश्यकताको आधारमा छात्रावाससहितको “विशेष विद्यालय” सञ्चालन गरिनेछ ।

१०.२८.२ अपाङ्गता भएका बालबालिकाहरूको अपाङ्गताको अवस्था हेरी सम्भव भएसम्म अन्य बालबालिकाहरूसँगै बसेर सिक्न पाउने गरी समावेशी शिक्षाको व्यवस्था गरिनेछ ।

१०.२८.३ अपाङ्गता तथा फरक क्षमता भएका बालबालिकाहरूलाई आत्मनिर्भर बनाउनका लागि व्यावसायिक सीप सिक्ने अवसर प्रदान गरिनेछ ।

१०.२८.४ साधारण अवस्थाका बालबालिकासँग बसेर अध्ययन गर्न सक्ने अपाङ्गता भएका बालबालिकाहरूका लागि अपाङ्गताको प्रकृति र स्तर अनुसार आवश्यक पर्ने सामग्रीहरू (जस्तैः ह्वील चेयर, छडी, ब्रेल पुस्तक, सांकेतिक चित्र आदि) को समुचित प्रबन्ध गरिनेछ ।

१०.२८.५ सबै प्रकारका अपाङ्गता भएका बालबालिकहरू (शारीरिक अपाङ्गता, सुनाइ अपाङ्गता, दृष्टि अपाङ्गता, स्वर र बोलाई अपाङ्गता, मानसिक वा मनोसामाजिक अपाङ्गता, बौद्धिक अपाङ्गता, अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता, अटिजम अपाङ्गता र बहु अपाङ्गता) को पठनपाठनमा सहजता ल्याउन शारीरिक तथा बौद्धिक क्षमता अनुसारको अपाङ्गमैत्री भौतिक पूर्वाधार तथा सिकाइ वातावरणको प्रबन्ध गरिनेछ ।

१०.२८.६ सबै बालबालिकालाई सक्षम बनाउन बालबालिकाहरूको अवस्था र प्रकृति हेरी विशेष कक्षा तथा सुधारात्मक कक्षाको व्यवस्था मिलाइनेछ ।

१०.२८.७ अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरूको शिक्षा पाउने अधिकारलाई सुनिश्चित गर्न आवश्यक पाठ्यक्रम, पाठ्यपुस्तक तथा श्रव्य दृश्य र सहयोग सामग्रीमा विविधीकरण गरिनेछ ।

१०.२८.८ सुस्त श्रवण भएका बालबालिकालाई साङ्केतिक भाषा तथा दृष्टिविहिन र न्यून दृष्टि भएका बालबालिकालाई ब्रेल लिपिमा मात्र सीमित नगराई अन्य उपकरणको प्रयोगबाट सिक्न सक्ने सम्भाव्य विकल्पको खोजी गरी उपयुक्त अवसर प्रदान गरिनेछ ।

१०.२८.९ अपाङ्गताको प्रकृति अनुसार लचिलो पाठ्यक्रम तथा पाठ्यपुस्तक, वैकल्पिक सिकाइ सामग्री तथा शिक्षण विधिमा जोड दिनुको साथै विद्यार्थी मूल्याङ्कन प्रणालीलाई अपाङ्गता भएका बालबालिका अनुकूल बनाइनेछ ।

**नीति १०.२९ आर्थिक, सामाजिक तथा सांस्कृतिक कारणले पछि परेका व्यक्तिहरूलाई शिक्षाको अवसर सुनिश्चित गर्न आरक्षण, सकारात्मक विभेद, प्राथमिकता, प्रोत्साहन लगायतका उपायहरू अवलम्बन गर्ने ।**

१०.२९.१ विद्यालयको सेवा क्षेत्रभित्रका दलित, जनजाती, सीमान्तकृत र लोपोन्मुख समुदायहरूको वाहुल्यता भएका विद्यालयहरुमा समुदायको भाषा र पृष्ठभूमि बुझ्ने शिक्षकको व्यवस्था गर्न प्राथमिकता दिइनेछ ।

१०.२९.२ विद्यालयमा महिला शिक्षकको सहभागिता वृद्धि गर्न विद्यमान आरक्षण तथा सकारात्मक विभेदका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।

१०.२९.३ दलित, अपाङ्गता भएका व्यक्ति, आर्थिक रूपले विपन्न र सामाजिक रूपले पछि परेका समुदाय तथा क्षेत्र, विशेष प्रतिभावान् व्यक्ति र विशिष्टीकृत विषयमा आवश्यक जनशक्ति उत्पादनका लागि सङ्घ, प्रदेश वा स्थानीय तहले पूर्ण वा आंशिक लगानी गरी शिक्षाको प्रवर्द्धन गर्ने व्यवस्था मिलाइनेछ ।

१०.२९.४ विद्यालयको नेतृत्वमा महिलाको प्रतिनिधित्व अभिबृद्धि गर्न क्षमता विकासमा जोड दिई प्रधानाध्यापक नियुक्तिमा महिलालाई प्राथमिकता दिइने व्यवस्था अवलम्बन गरिनेछ ।

१०.२९.५ निश्चित समूहका सबैलाई दिने गरिएको विद्यमान छात्रवृत्ति व्यवस्थालाई पुनरावलोकन गरी गरिब तथा विपन्न केन्द्रित

बनाउँदै लगिनेछ । निजी विद्यालयहरुमा छात्रवृत्तिमा अध्ययनरत विद्यार्थीले पनि उच्च शिक्षाको छात्रवृत्तिको आरक्षण सिटमा प्रतिस्पर्धा गर्न पाउने व्यवस्था गरिनेछ ।

१०.२९.६ शिक्षाका सबै तहमा (प्रारम्भिक बालविकासदेखि उच्च शिक्षा तथा जीवनपर्यन्त शिक्षासम्म) समावेशीकरण सम्बन्धी मुद्दा पहिचान गरी त्यसको उचित सम्बोधन गरिनेछ ।

१०.२९.७ सरकारी छात्रवृत्ति तथा विदेशी सरकारले नेपाललाई उपलब्ध गराउने छात्रवृत्ति सार्वजनिक अथवा सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीलाई प्रदान गर्न प्राथमिकता दिइनेछ ।

१०.२९.८ आर्थिक रूपले विपन्न, दुर्गम क्षेत्र र मानव विकास सूचकाङ्कमा पछि परेका क्षेत्र र वर्गलाई प्राथमिकता दिँदै स्टेसनरी, दिवा खाजा र पोशाक स्थानीय तहले नै क्रमशः निःशुल्क उपलब्ध गराउँदै जाने व्यवस्था मिलाइनेछ ।

१०.२९.९ बालबालिकामा छुवाछुतका कारण हुने मनोवैज्ञानिक प्रभाव र भेदभावलाई अन्त गर्न विद्यालयमा छुवाछुत प्रथा पूर्ण रूपमा उन्मूलन गर्दै सबैलाई समान व्यवहार र सिकाइमा समान अवसर प्रदान गर्न विद्यालय तथा शिक्षकहरूलाई पूर्ण जिम्मेवार बनाइने छ ।

**(ज) शैक्षिक सुशासन र जनशक्ति व्यवस्थापन**

**नीति १०.३० सबै विद्यालयमा योग्य तथा सक्षम विषयगत शिक्षकको व्यवस्थापन गर्दै उनीहरूको उत्प्रेरणा, पेसागत नैतिकता र सक्षमता अभिबृद्धि गर्नुका साथै शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने ।**

१०.३०.१ सरकारले सिर्जना गरेका स्थायी दरबन्दीमा शिक्षक सेवा आयोगको सिफारिसमा मात्र स्थायी शिक्षक नियुक्ति गर्ने व्यवस्था मिलाइनेछ ।

१०.३०.२ विद्यालयका शिक्षकहरूको बृत्ति विकास गर्दा सक्षमता, अनुभव, शैक्षिक योग्यता र कार्यदक्षताका आधारमा विद्यालयको माथिल्लो तह र श्रेणीसम्म बढुवा हुन सक्ने व्यवस्था मिलाइनेछ ।

१०.३०.३ तत्कालिन उच्च माध्यमिक तहमा कार्यरत निर्धारित योग्यता पुगेका शिक्षकहरूलाई माध्यमिक तहका शिक्षकका रूपमा व्यवस्थापन गर्न आवश्यक दरबन्दी सृजना गरी शिक्षक सेवा आयोगबाट मात्र पदपूर्ति गरिनेछ ।

१०.३०.४ सबै सार्वजनिक विद्यालयको गुणस्तरमा सुधार ल्याउन विद्यार्थी-शिक्षक अनुपात हेरी देशभरीका सबै विद्यालयमा पाँच वर्षभित्र योग्य, दक्ष र स्वःउत्प्रेरित बिषय शिक्षकको व्यवस्था गरिनेछ ।

१०.३०.५ विद्यार्थीहरूले परीक्षामा हासिल गरेको परिणाम समेतको आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि शिक्षकहरूलाई जिम्मेवार र जवाफदेही बनाइनेछ ।

१०.३०.६ शिक्षकलाई पेसाप्रति थप जवाफदेही बनाइने छ । शिक्षकको सक्षमता, विद्यार्थीको सिकाइ उपलब्धि, सिकाइ क्रियाकलाप सम्बन्धमा गरिएका अनुसन्धान, शैक्षिक सामग्री निर्माण, नवप्रवर्तनात्मक कार्य, अतिरिक्त र सहक्रियाकलाप सञ्चालन, पेसागत जिम्मेवारी तथा जवाफदेहिता बहन जस्ता स्पष्ट र पारदर्शी सूचकका आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने व्यवस्था गरिनेछ ।

१०.३०.७ आवश्यकता अनुसार शिक्षकको विन्यासको व्यवस्था गरिनेछ । त्यसरी विन्यास गर्दा महिला तथा अपाङ्गता भएका शिक्षकलाई सकेसम्म अनुकुल हुने गरी सरूवा गरिनेछ । जनसांख्यिक संरचना, विद्यालय तथा विद्यार्थी संख्यामा आएको परिवर्तन र भौगोलिक अवस्था समेतका

आधारमा एक पटकका लागि शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

१०.३०.८ हालको शिक्षक दरबन्दी पुनर्वितरणबाट पनि शिक्षक नपुग भएमा नेपाल सरकारलाई दायित्व नपर्ने गरी प्रदेश सरकार तथा स्थानीय तहले आवश्यकताका आधारमा थप शिक्षक दरबन्दी सिर्जना गर्न सक्ने व्यवस्था मिलाइने छ ।

१०.३०.९ बार्षिक कार्यसम्पादन मूल्याङ्कन तथा विद्यार्थीको नतिजामा उत्कृष्टता हासिल गरेका शिक्षकलाई विद्यालय, स्थानीय तह, प्रदेश र संघीय सरकारले प्रशंशा, पुरस्कार तथा सम्मान दिन व्यवस्था गरिनेछ ।

**नीति १०.३१ विद्यालयमा अध्यापन बाहेकका सरसफाई, सूचना संप्रेषण, कार्यालय व्यवस्थापन, प्रयोगशाला व्यवस्थापन, पुस्तकालय व्यवस्थापन जस्ता कार्यको लागि आवश्यक संख्यामा कर्मचारीको व्यवस्था गर्ने ।**

१०.३१.१. विद्यालयमा प्रशासन, लेखा, स्वास्थ्य र सहयोगी सेवाका लागि आवश्यक कर्मचारी व्यवस्था गरिने छ । त्यस्ता कर्मचारीहरूलाई प्रचलित कानूनमा व्यवस्था भए बमोजिमको पारिश्रमिक र अन्य सुविधा उपलब्ध गराइने छ ।

१०.३१.२. सवै विद्यालय कर्मचारीको पदपूर्ति शिक्षक सेवा आयोगबाट योग्यता प्रणालीको आधारमा हुनेछ ।

१०.३१.३. हाल कार्यरत विद्यालय कर्मचारीहरूलाई स्थायी सेवा प्रवेश परीक्षामा सहभागी हुन पाउने गरी विशेष व्यवस्था गर्न सकिनेछ ।

**नीति १०.३२ शिक्षण पेसामा प्रवेश गर्न चाहने व्यक्तिहरूलाई रजिष्ट्रेशन तथा अनुमतिपत्र प्रदान गर्नका लागि शिक्षक सेवा आयोगको सुदृढीकरण गर्ने ।**

१०.३२.१. शिक्षा क्षेत्रमा गुणस्तर अभिवृद्धि गर्नका लागि शिक्षण पेशामा रहेका शिक्षक र भविष्यमा शिक्षण पेशामा प्रवेश गर्न चाहने दक्ष तथा उत्प्रेरित शिक्षकका निम्ति शिक्षण अनुमतिपत्र प्रदान, नवीकरण र खारेजी समेतका कार्य गर्नका लागि शिक्षक सेवा आयोगको संस्थागत सुदृढीकरण गरिनेछ ।

१०.३२.२. निरन्तर रूपमा शिक्षकको पेसागत सक्षमता अभिबृद्धि गर्नका लागि विद्यमान शिक्षक तालिम केन्द्रहरूलाई शिक्षण एकेडेमीको रूपमा विकास गरिनेछ ।

**नीति १०.३३ विद्यालय र समुदायबीच सहयोगात्मक र सहकार्यात्मक साझेदारी निर्माण गर्दै विद्यालय विकासका लागि प्रभावकारी रुपमा परिचालन गर्ने ।**

१०.३३.१. विद्यालय र समुदायका बीच जीवन्त सम्बन्ध निर्माण गर्न, विद्यालय सम्वन्धी नीतिगत निर्णय गर्न, बिद्यालय र स्थानीय तह तथा समुदायको बीच पुलको रूपमा काम गर्न र विद्यालयका लागि समुदायको तर्फबाट सहयोग जुटाउन विद्यालय ब्यवस्थापन समितिलाई जिम्मेवार र जवाफदेही बनाइनेछ ।

१०.३३.२. विद्यालय र समुदायको अन्तरसम्बन्ध सुदृढ गरी समुदायमा विद्यमान रैथाने र परम्परागत ज्ञान र सीप विद्यालयको शिक्षण सिकाइको अङ्गका रूपमा उपयोग गर्नुका साथै समुदायको समग्र विकास र विपद् व्यवस्थापनका कार्य गर्न विद्यालयका शिक्षक र विद्यार्थी परिचालन गरिनेछ ।

१०.३३.३. शिक्षा क्षेत्र र शैक्षिक संस्थाहरूमा छुवाछुत, बालश्रम र लैंगिक हिंसा एवं दुर्व्यवहारको विरूद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ । त्यस्ता घटनाको रोकथाम र

नियन्त्रणका लागि शिक्षण संस्थामा परामर्श सेवाको व्यवस्था गरिनेछ ।

१०.३३.४. विद्यालयको योजना तर्जुमा, स्रोत व्यवस्थापन, अनुगमन, सुपरिवेक्षण, आधारभूत तहको परीक्षा व्यवस्थापन, स्थानीय पाठ्यक्रम निर्माण लगायत स्थानीय तहको कार्यक्षेत्रभित्र पर्ने शैक्षिक क्रियाकलापहरूमा समुदायलाई सहभागी गराइनेछ ।

१०.३३.५. विद्यालय व्यवस्थापनलाई प्रभावकारी बनाउन विद्यालयले समुदाय तथा आफ्ना अभिभावकहरूसँग निरन्तर सम्वाद र अन्तरक्रिया गर्ने व्यवस्था मिलाइने छ ।

**नीति १०.३४ विद्यालयको शासकीय सुधारसहित जनसहभागिता, सरोकारवालाको प्रतिनिधित्व, पारदर्शिता, अपनत्व र उत्तरदायित्व प्रवर्द्धन गर्ने सहभागितामूलक संयन्त्र निर्माण गरी शैक्षिक सुशासन कायम गर्ने ।**

१०.३४.१. स्थानीय तहका जनप्रतिनिधि, शिक्षक, अभिभावक, समाजसेवी, शिक्षाप्रेमी, चन्दादाता, संस्थापक लगायतको प्रतिनिधित्व हुने गरी विद्यालय व्यवस्थापन समिति गठन गर्ने व्यवस्था मिलाउन कानुनी सुधार गरिनेछ ।

१०.३४.२. विद्यालय सञ्चालनका लागि आवश्यक स्रोत साधन, शैक्षिक, आर्थिक तथा व्यवस्थापकीय अधिकार विद्यालय तहमा नै विकेन्द्रित गरिनेछ ।

१०.३४.३. विद्यालयहरूलाई स्वशासित र जवाफदेही संस्थाका रूपमा विकास गर्न संघीय सरकारको शिक्षा हेर्ने मन्त्रालयबाट विद्यालयका अधिकार प्रयोग, कर्तव्य निर्वाह र विद्यालय व्यवस्थापन सम्बन्धमा राष्ट्रिय कार्यढाँचा तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

१०.३४.४. विद्यालय व्यवस्थापन समितिको भूमिका तथा दायित्वको पुनरावलोकन गरी यसलाई विद्यालय व्यवस्थापन तथा सञ्चालनको सन्दर्भमा स्थानीय तहको सहयोगी संयन्त्रका रूपमा विकास गरिनेछ ।

१०.३४.५. शैक्षिक व्यवस्थापनको क्षमता अभिबृद्धि तथा संस्थागत विकासका निमित्त प्रधानाध्यापक, शिक्षक, कर्मचारी एवं व्यवस्थापन समितिका पदाधिकारीहरूको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१०.३४.६. सार्वजनिक विद्यालयको आर्थिक व्यवस्थापनलाई नतिजामुखी, पारदर्शी तथा जवाफदेही बनाउन सामाजिक परिक्षणलाई विद्यालय अनुदानको लागि अनिवार्य सर्तका रूपमा व्यवस्था गरिनेछ । यस्तो सामाजिक परीक्षणको प्रतिवेदन अभिभावकको भेलामा सार्वजनिक गरिनेछ ।

**नीति १०.३५ विद्यालय नेतृत्वको भूमिका सवलीकरण गर्न प्रधानाध्यापकको योग्यता, सक्षमता र कार्य सम्पादनका आधारमा सुविधा बृद्धि गर्नुका साथै छनौट प्रक्रियालाई योग्यता प्रणालीमा आधारित एवं पारदर्शी बनाउने ।**

१०.३५.१. सार्वजनिक विद्यालयको शैक्षिक नेतृत्व र व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रधानाध्यापकलाई जिम्मेवार एवं अधिकारसम्पन्न बनाउने गरी कानूनी प्रवन्ध गरिनेछ ।

१०.३५.२. प्रधानाध्यापकलाई विद्यालय सञ्चालनको पूर्ण जिम्मेवारी दिई नतिजाका आधारमा मूल्याङ्कन गर्ने र कार्यबोझ तथा कार्यसम्पादनका आधारमा तोकिए बमोजिमको सेवा सुविधाको व्यवस्थापन गरिनेछ ।

१०.३५.३. सम्बन्धित तहमा पाँच वर्षको शिक्षण अनुभवप्राप्त, योग्य, सक्षम र क्षमतावान शिक्षकलाई नेतृत्व परीक्षणका आधारमा प्रधानाध्यापक बनाइनेछ ।

**नीति १०.३६ शिक्षालयहरूका शैक्षिक तथ्याङ्कलाई क्लाउड प्रविधिमार्फत् व्यवस्थापन गर्नुका साथै नीति निर्माण गर्न आवश्यक तथ्याङ्क सङ्कलन, प्रशोधन र सम्प्रेषणका लागि वास्तविक समय** (Real Time) **मा सूचना प्राप्त गर्न उपयुक्त प्रविधि पूर्वाधार तथा संरचना बनाउने ।**

१०.३६.१. शैक्षिक सूचना व्यवस्थापन प्रणालीको सुदृढीकरण गरी खण्डीकृत तथ्याङ्क व्यवस्थापन गर्न स्थानीय तह र विद्यालय व्यवस्थापन समितिलाई सक्षम र जिम्मेवार बनाइनेछ ।

१०.३६.२. सबै तहका विद्यार्थी, शिक्षक, कर्मचारी, संरचना, नीति, रणनीति तथा परिणामको स्वचालित रूपमा जानकारी पाउने गरी संघीय, प्रादेशिक तथा स्थानीय तहमा शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई व्यवस्थित गरिनेछ ।

१०.३६.३. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई अन्लाइनमा आधारित बनाई संघ, प्रदेश र स्थानीय तहबीच दोहोरो सञ्चारको वातावरण निर्माण गरी नीति तथा योजना तर्जुमा र अनुसन्धानका लागि आवश्यक तथ्यांक उपलब्ध गराइनेछ ।

**नीति १०.३७ शिक्षक तथा कर्मचारी र पदाधिकारीहरूलाई आफ्नो जिम्मेवारी वहन गर्दै पेसा वा जिम्मेवारीप्रति उत्तरदायी बनाउन पेसागत आचारसंहिता बनाई लागू गर्ने एवं पेसागत हक हित संरक्षणका लागि एकल पेसागत संगठनको कानूनी प्रबन्ध गर्ने ।**

१०.३७.१. सबै तह र प्रकारका शिक्षण संस्थामा काम गर्ने शिक्षक, प्रधानाध्यापक, प्राध्यापक तथा कर्मचारी र पदाधिकारीको पेसागत आचारसंहिता (Professional Code of Conduct) तयार गरी लागू गरिने र सो अनुसार भए नभएको अनुगमन गरिनेछ ।

१०.३७.२. विद्यालय र विश्वविद्यालयका शिक्षक तथा कर्मचारीको पेसागत हकहित संरक्षण र पदीय जिम्मेवारीप्रति उत्तरदायी बनाउन एकल पेसागत संगठन मात्र रहने व्यवस्था गरिनेछ ।

१०.३७.३. प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन प्रक्रियालाई पारदर्शी तथा नतिजामा आधारित बनाउन कार्यसम्पादन सम्झौता गरिनेछ ।

१०.३७.४. विद्यालय, प्राविधिक शिक्षालय, विश्वविद्यालय वा शिक्षण संस्थाका शिक्षक र कर्मचारीले तोकिएको दैनिक कार्य समयावधिभर शिक्षासँग सम्बन्धित बाहेक अन्य कुनै पनि पेसामा आबद्ध हुने वा कुनै पनि गैरसरकारी संस्थाका गतिविधि वा राजनीतिक क्रियाकलापमा सहभागी हुने कार्यमा रोक लगाइनेछ ।

१०.३७.५. विद्यालय शान्ति क्षेत्र (School as Zone of Peace) को अवधारणालाई कार्यान्वयन गर्दै शिक्षालयहरुलाई दण्डरहीत (Non-Violence) शिक्षण सिकाइ गर्ने थलोको रुपमा विकास गरिनेछ ।

**नीति १०.३८ शैक्षिक परामर्श सेवालाई थप प्रभावकारी बनाउनुको साथै यस्तो सेवा प्रदान गर्ने संस्थाहरूको नियमन गर्ने ।**

१०.३८.१. शैक्षिक परामर्श सेवा सञ्चालन गर्ने संस्थाहरूको नियमन संघीय सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालयबाट हुने व्यवस्था गर्नुका साथै त्यस्ता संस्थामार्फत विदेश अध्ययन गर्न गएका विद्यार्थीहरूको विवरण अद्यावधिक गर्न लगाइनेछ ।

१०.३८.२. शैक्षिक परामर्श सेवा सञ्चालकहरू आफूले विदेशमा अध्ययनका लागि पठाएका विद्यार्थीहरूको अध्ययन अवधिभरको अवस्था अद्यावधिक गरी राख्नुपर्ने र सोको बार्षिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरिनेछ ।

१०.३८.३. पूर्ण छात्रवृत्ति वा निःशुल्क छात्रवृत्तिमा जानेबाहेक विदेशमा अध्ययन गर्न जाने नेपाली विद्यार्थीहरूको हकमा नेपालको नियमनकारी निकायले निर्धारण गरेको मापदण्डभित्र परेका विदेशी विश्वविद्यालयमा मात्र अध्ययन गर्न जान पाइने व्यवस्था गरिनेछ । तर प्राविधिक विषयहरुको हकमा नेपालमा प्रवेश परीक्षा उतीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता गरेर मात्र जान पाइने व्यवस्था गरिनेछ ।

## (झ) सार्वजनिक - निजी साझेदारी र सामुदायिक एवं सार्वजनिक शिक्षा प्रणालीको सवलीकरण

**नीति १०.३९ नेतृत्व सवलीकरण तथा अभिभावकको अपनत्व सिर्जना गर्दै सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणका लागि सरोकारवालाहरूको सक्रिय सहभागितामा अल्पकालीन तथा दीर्घकालीन लक्ष्य किटान गरी सामुदायिक एवं सार्वजनिक शिक्षा प्रणाली सवलीकरण अभियान सञ्चालन गर्ने ।**

१०.३९.१ शिक्षकलाई प्रशासनिक रूपमा प्रधानाध्यापकप्रति र सिकाइ उपलब्धिका लागि विद्यार्थी तथा अभिभावकप्रति जवाफदेही बनाउने र प्रधानाध्यापकलाई सिकाइ, विद्यालय व्यवस्थापनका लागि विद्यार्थी, अभिभावक र स्थानीय तहप्रति जवाफदेही बनाइनेछ ।

१०.३९.२ विद्यार्थीको सिकाइ उपलब्धि अभिबृद्धि गर्न शिक्षकको कार्यसम्पादनका बस्तुनिष्ठ सूचकहरूका आधारमा कार्यसम्पादन मूल्याङ्कन गरी पुरस्कार र दण्डको पद्धति लागू गरिनेछ ।

१०.३९.३ दुर्गम क्षेत्रका विद्यालयमा काम गर्ने शिक्षक तथा कर्मचारीलाई आवश्यकताका आधारमा थप सुविधा दिन सकिने व्यवस्था क्रमशः गरिनेछ ।

१०.३९.४ विश्वविद्यालयबाट विशिष्ट श्रेणीमा उतीर्ण वा विशिष्टता प्राप्त गरेका मेधावी विद्यार्थीहरूलाई शिक्षण पेसामा आकर्षित गर्न आवश्यक कानूनी व्यवस्था गरिनेछ ।

१०.३९.५ शिक्षण पेसामा मेधावी विद्यार्थीहरूलाई आकर्षित गर्न छनौट तथा वृत्ति विकास प्रणालीलाई योग्यतामा आधारित बनाई परीक्षण प्रणालीमा सुधार गरी बस्तुनिष्ठ तथा विश्वसनीय बनाइनेछ ।

१०.३९.६ स्थानीय तहबाट आवधिक रूपमा सबै प्रकृतिका विद्यालयको सिकाइ स्तर जाँच गर्ने र देखिएका समस्या पहिचान गरी सुधारका उपायहरू अवलम्बन गर्ने प्रणाली विकास गरिनेछ ।

**नीति १०.४० संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरूको स्थानीय सरकारबाट प्रभावकारी नियमन गर्ने ।**

१०.४०.१. पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमा, कर पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारको स्थिति समेतका आधारमा निजी लगानीका विद्यालयहरूको प्रभावकारी नियमन गरिनेछ ।

१०.४०.२. नेपालमा स्थापना भई सञ्चालनमा रहेका सबै प्रकारका विद्यालयहरूमा पूर्वाधार, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सिकाइ प्रक्रिया, गुणस्तर, परीक्षा तथा मूल्याङ्कन प्रणाली सम्बन्धमा समान ढाँचा बनाई लागू गरिनेछ ।

१०.४०.३. निजी लगानीमा सञ्चालित विद्यालय शिक्षकहरूको लागि राष्ट्रिय मापदण्डको आधारमा शिक्षक छनौट, आपूर्ति, विकास र उपयोग गर्ने व्यवस्था गरिनेछ ।

१०.४०.४. प्रचलित कानून बमोजिम विद्यालयको दर्ता, नामाकरण, सञ्चालन तथा व्यवस्थापन नगर्ने निजी लगानीका विद्यालयलाई कारबाही गरिनेछ । त्यस्ता विद्यालयहरूको लेखा प्रणाली अनलाइनमा आधारित बनाई आम्दानी र खर्चमा पारदर्शिता कायम गर्ने व्यवस्था मिलाइनेछ ।

१०.४०.५. निजी लगानीमा सञ्चालित विद्यालयहरूले १० देखि १५ प्रतिशत बिद्यार्थीहरूलाई पायक पर्ने विद्यालयमा निःशुल्क शिक्षा प्रदान गर्नुपर्ने व्यवस्था गरिनेछ । सोको लागि विपन्न जेहन्दार, विपन्न दलित, अपाङ्गता भएका विपन्न व्यक्ति, विभिन्न विधामा प्रतिभावान् व्यक्ति लगायत लक्षित वर्गको पहिचान र छनौट गर्ने कार्यविधि संघीय सरकारबाट निर्माण गरी सोही बमोजिम स्थानीय तहले कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

१०.४०.६. निजी लगानीका विद्यालयमा अध्यापन गर्ने शिक्षकहरूले समेत अध्यापन अनुमतिपत्र लिनुपर्ने व्यवस्था गरिनेछ ।

**नीति १०.४१ शिक्षा क्षेत्रमा छायाँ शिक्षाको रूपमा रहेका ब्रिज कोर्श सञ्चालक संस्था, ट्युसन सेन्टर र कोचिङ सेन्टर लगायत शैक्षिक सेवा प्रदायक संस्थाहरूलाई मापदण्डका आधारमा सञ्चालन, नियमन र व्यवस्थापन गर्ने ।**

१०.४१.१. ब्रिज कोर्श, भाषा शिक्षण लगायतका कार्यक्रमहरूको सञ्चालनका लागि प्रदेश सरकार र ट्यूसन तथा कोचिङ्ग कक्षाको अनुमति, नियमन लगायतका कार्यहरू स्थानीय तहबाट हुने व्यवस्था गरिनेछ ।

१०.४१.२. ब्रिज कोर्श सञ्चालक संस्था, ट्युसन सेन्टर र कोचिङ्ग सेन्टर लगायतका शैक्षिक कार्यक्रम सञ्चालन सम्बन्धमा स्पष्ट मानक तथा मापदण्ड बनाइ लागू गरिनेछ ।

(ञ) **राष्ट्रिय योग्यता प्रारुपमा आधारित शिक्षा प्रणाली**

**नीति १०.४२ राष्ट्रिय योग्यता प्रारुप निर्माण गरी औपचारिक र अनौपचारिक तथा साधारण र प्राविधिक एवं व्यावसायिक शिक्षाको योग्यताबीच समकक्षता** (Equivalence) **र पारगम्यता** (Permeability) **को प्रणाली स्थापित गर्न कानुनी तथा संस्थागत व्यवस्था गर्ने ।**

१०.४२.१. एक विश्वविद्यालयबाट अर्को विश्वविद्यालयमा र एक विषयबाट अर्को विषयमा जाँदा क्रेडिट ट्रान्स्फर हुने व्यवस्था वा सहकार्यको सम्झौताका आधारमा सञ्चालित शैक्षिक कार्यक्रमहरू भएमा विश्वविद्यालयहरूले संयुक्त उपाधि दिने प्रबन्ध गरिनेछ र सम्झौता नभएमा क्रेडिट सङ्कलन गरेका विश्वविद्यालयहरूको रेकर्डसहित अन्तिम परीक्षा दिएको विश्वविद्यालयबाट प्रमाणपत्र दिने व्यवस्था मिलाइनेछ ।

१०.४२.२. जुनसुकै सङ्काय वा विषयको विद्यार्थी उसको इच्छा अनुसार सम्बन्धित कार्यक्रममा अध्ययनका लागि पूरा गर्नुपर्ने सर्तहरू पूरा गरी वा निश्चित तयारी कोर्स वा ब्रिजकोर्स पूरा गरी जुनसुकै सङ्काय वा विषयमा अध्ययन गर्न वा अध्ययनका लागि विदेश जान सक्ने व्यवस्था गरिनेछ ।

१०.४२.३. अध्ययनका लागि आवश्यक शर्तहरू पूरा गरी प्रवेश गर्न पाउने गरी साधारण र प्राविधिक तथा व्यावसायिक धारका शिक्षामा समतलीय (Horizontal) तथा लम्बीय (Vertical) रूपमा दोहोरो प्रवेशको व्यवस्था गरिनेछ ।

१०.४२.४. औपचारिक र अनौपचारिक माध्यमबाट प्राप्त ज्ञान, सीप र दक्षतालाई राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपका आधारमा परीक्षण तथा मूल्याङ्कन गर्ने कानुनी व्यवस्था गरी कोर्शको क्रेडिट ब्याङ्किङ र क्रेडिट ट्रान्सफर (Credit Banking and Credit Transfer) पद्धति लागू गरिनेछ ।

१०.४२.५. राष्ट्रिय योग्यता प्रणालीका आधारमा विद्यालय, विश्वविद्यालय तथा शिक्षण संस्थाहरूको पाठ्यक्रममा परिमार्जन गरिनेछ ।

## (ट) शिक्षामा गुणस्तर

**नीति १०.४३ संघ, प्रदेश र स्थानीय तहको विद्यालय शिक्षामा पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी जिम्मेवारी किटान गर्ने र पाठ्यक्रम, पाठ्यसामग्री विकास एवं कार्यान्वयन, शिक्षण सिकाइ प्रक्रिया र विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार गर्ने ।**

१०.४३.१ संघीय सरकारबाट राष्ट्रिय पाठ्यक्रमको प्रारूप, पाठ्यक्रम मानक तथा मापदण्ड, मूल विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तक र नमूना पाठ्यपुस्तक विकास, शिक्षण तथा प्रशिक्षण मानकको निर्धारण गरिनेछ । यसैगरी प्रदेश सरकारबाट इच्छाधीन विषयका पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा पाठ्यपुस्तक व्यवस्थापनको कार्य हुनेछ । स्थानीय तहले राष्ट्रिय पाठ्यक्रम प्रारूपको अधीनमा रही स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवं कार्यान्वयन, पाठ्यसामग्री वितरण, पाठ्यक्रम कार्यान्वयन लगायतका कार्य गर्नेछ । विद्यालयहरूले पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने गरी जिम्मेवारी किटान गर्न कानूनी व्यवस्था मिलाइनेछ ।

१०.४३.२ संघ, प्रदेश र स्थानीय सरकारले पनि पाठ्यक्रम सम्बन्धी आ-आफ्नो कार्यक्षेत्रमा आ-आफ्नो जिम्मेवारी अनुरूप कार्य गरी स्थानीय तथा राष्ट्रिय परिवेश र भूमण्डलीकरणको सन्दर्भलाई समेत समेटी पाठ्यक्रमको विषयवस्तुलाई सान्दर्भिक बनाउनुका साथै एक आपसमा अन्तर सम्बन्धित बनाइनेछ ।

१०.४३.३ आवधिक रुपमा पाठ्यक्रमको पुनरावलोकन गरी परिमार्जन गर्ने तथा आवश्यकताका आधारमा प्रत्येक बर्ष पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको अद्यावधिक गरिनेछ ।

१०.४३.४ माध्यमिक शिक्षाको कक्षा नौ देखि नै प्रारम्भ हुनेगरी पाठ्यक्रममा रोजगारमूलक प्राविधिक तथा ब्यावसायिक सीप विकास सम्बन्धी विषयहरू समावेश गरिनेछ ।

१०.४३.५ दुर्गम र पातलो बस्ती भएका क्षेत्रहरूमा ठूला विद्यालय सञ्चालनमा ल्याउन नसकिने अवस्थामा बहुकक्षा शिक्षण व्यवस्था अवलम्बन गरिनेछ ।

१०.४३.६ परियोजना कार्य प्रस्तुतीकरण, समीक्षा, कला तथा सिर्जना परीक्षण, कक्षाकोठामा आधारित वा सिकारूको समुदाय वा परिवारमा आधारित खोजमुखी कार्य र तिनको संक्षिप्त प्रतिवेदन, मौखिक मूल्याङ्कन, सिर्जनात्मक अभ्यास आदि तरिकालाई परीक्षण र मूल्याङ्कनका साधनका रूपमा संस्थागत गरिनेछ ।

१०.४३.७ शिक्षालाई व्यावहारिक एवं प्रयोगात्मक बनाउँदै विद्यार्थीहरूमा बहुप्रतिभाको विकास, सिर्जनात्मक क्षमता अभिबृद्धि, समालोचनात्मक दृष्टिकोण र सञ्चार सीप विकासका लागि खोज तथा अन्वेषणमा आधारित विद्यार्थी केन्द्रित शिक्षण सिकाइ रणनीतिहरू अवलम्बन गर्नुका साथै विद्यार्थीहरूको उमेर, रूचि, क्षमता, परिवेश लगायतका पक्षहरूलाई दृष्टिगत गर्दै गृहकार्य सम्बन्धी मापदण्ड एवं कार्यविधि निर्माण गरी लागू गरिनेछ ।

१०.४३.८ विद्यालय पाठ्यक्रममा आधारित पठन पाठन पद्धतिको विकास गर्नुका साथै पाठ्यक्रमको गुणस्तरीयतालाई कार्यान्वयन गर्न शैक्षिक सामग्रीमा आधारित शिक्षण, परियोजना कार्य, प्रयोगात्मक अभ्यास जस्ता रचनात्मक एवं सृजनात्मक पक्षलाई ध्यान दिई तद्अनुरूप विद्यार्थीको प्रत्यक्ष सहभागितामा ज्ञान, सीप, क्षमता र सोच विकास गर्ने खालका शिक्षण सिकाइ विधि, प्रविधि र प्रक्रिया अवलम्बन गरिनेछ ।

१०.४३.९ सङ्घीय र प्रदेशस्तरमा अनलाइनमा आधारित शैक्षिक रेडियो तथा टेलिभिजन च्यानलको स्थापना गरिनेछ । त्यस्ता संस्थाहरूले सूचना तथा सञ्चार प्रविधि प्रयोग गरी शैक्षिक कार्यक्रम तथा आजीवन सिकाइका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

१०.४३.१० आधारभूत तहको कक्षा एकदेखि तीनसम्म एकीकृत पाठ्यक्रममा आधारित कक्षा शिक्षण वा बहुकक्षा शिक्षण पद्धति अपनाइनेछ । चार कक्षाभन्दा माथिल्ला कक्षाहरूमा विषयगत शिक्षण पद्धति लागू गरिनेछ । त्यसका लागि आवश्यक विषयगत शिक्षकको व्यवस्था गरिनेछ ।

१०.४३.११ पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयन प्रभावकारिताको अनुगमन तथा मूल्याङ्कन गरी सुधारका कार्य सङ्घ तथा प्रदेश दुवै तहबाट हुने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

१०.४३.१२ बहुपाठ्यपुस्तक नीतिका आधारमा नेपाल सरकार, प्रदेश सरकार र निजी क्षेत्रले राष्ट्रिय मापदण्डको अधीनमा रही पाठ्यपुस्तक विकास गरी बहुपाठ्यपुस्तक उपलव्ध गराइनेछ ।

१०.४३.१३ स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री निर्माण र कार्यान्वयनका लागि विद्यालय र स्थानीय तहको क्षमता विकास गरिनेछ । पाठ्यक्रम पुनर्सङ्गठन र कार्यान्वयनका लागि शिक्षकको क्षमता विकास गरिनेछ ।

१०.४३.१४ विद्यालय शिक्षामा अपनाइएको निर्माणात्मक तथा निर्णयात्मक मूल्याङ्कन प्रणालीको पुनरावलोकन गरी सुधार गरिनेछ । मूल्याङ्कन प्रणालीलाई बहुप्रतिभासँग आवद्ध गर्न लागू गरिएको एकल विषय प्रमाणीकरण पद्धति (Single Subject Certification System) को सुदृढीकरण गरिनेछ ।

१०.४३.१५ आधारभूत तह (कक्षा ८) को अन्त्य, माध्यमिक तह अन्तर्गत कक्षा दश र कक्षा बाह्रको परीक्षा क्रमश: स्थानीय, प्रदेश र संघीय तहबाट सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण गर्ने व्यवस्था मिलाइनेछ ।

१०.४३.१६ विद्यार्थी मूल्याङ्कन अन्तर्गत व्यावहारिक मूल्याङ्कनको विद्यमान पद्धतिको पुनरावलोकन गर्दै प्रयोगात्मक परीक्षा,

व्यावहारिक अभ्यास, इन्टर्नसीप जस्ता परीक्षण विधिहरू अवलम्बन गरिनेछ । त्यस्तो प्रयोगात्मक मूल्याङ्कन र विद्यालयमा आधारित मूल्याङ्कन सम्बन्धी कार्यको निरीक्षण र बाह्य अडिट स्थानीय तहबाट हुने प्रवन्ध गरिनेछ ।

**नीति १०.४४ सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा शिक्षक तयार गर्ने र शिक्षक सक्षमताका आधारमा निरन्तर पेसागत विकास कार्य सञ्चालन गर्ने ।**

१०.४४.१ हाल कार्यान्वयनमा रहेको शिक्षक सक्षमताको प्रारुपको पुनरावलोकन गरी प्रभावकारी कार्यान्वयनमा ल्याइनेछ ।

१०.४४.२ विद्यालय तहमा शिक्षकको निरन्तर पेशागत विकास गर्न प्रधानाध्यापकलाई जिम्मेवार बनाउनुका साथै शिक्षकको निरन्तर पेशागत विकास कार्यलाई विद्यार्थी सिकाइ उपलब्धीसँग आबद्ध गरिनेछ ।

१०.४४.३ आधारभूत तहका शिक्षकले बिषयगत शिक्षण, बहु कक्षा शिक्षण, कक्षा शिक्षण पद्धति सम्बन्धी ज्ञान र सीप हासिल गरी पठनपाठनमा सो को प्रभावकारी प्रयोग गर्न सक्ने गरी शिक्षक तालिम र क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१०.४४.४ शिक्षक तालिम तथा क्षमता विकासका कार्यक्रमहरू मार्फत विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग र गणित (Science, Technology, Engineering and Mathematics-STEM) सँग सम्बन्धित विषयवस्तुहरू शिक्षण गर्न शिक्षकको पेशागत दक्षता अभिवृद्धि गरिनेछ ।

१०.४४.५ शिक्षक तालिमको लागि स्थानीय तहको सिफारिसमा प्रदेश सरकारले शिक्षण एकेडेमी वा शिक्षण कलेजसित सम्झौता गर्ने र सम्झौता बमोजिम शिक्षकको क्षमता विकास

तालिम सञ्चालन गरी सक्षमता अभिबृद्धि गरिनेछ । शिक्षकलाई प्रत्येक दुई वर्षमा सघन पुनर्ताजगी तालिमको अनिवार्य व्यवस्था गरिनेछ ।

१०.४४.६ स्थानीय तहले विद्यालयलाई केन्द्रविन्दु बनाएर शिक्षकको निरन्तर पेशागत विकास कार्यक्रमहरू (कष्टमाइज्ड तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण, प्रतिविम्वन, शिक्षक नेटवर्क, सहकार्यात्मक रूपमा गरिने अनुसन्धान ( Collaborative Research), मेन्टरीङ, कोचिङ आदि) सञ्चालन गरिनेछ ।

१०.४४.७ सूचना तथा सञ्चार प्रविधिको विकासमा भएको तीव्र विकाससँगै तालिम दिने पद्धतिमा समेत परिमार्जन गरी आमने सामने (Face To Face), विद्यालयमा आधारित( School-based), मिश्रित (Blended), अनलाईन (Online) तथा भर्चुअल (Virtual) पद्धतिबाट तालिम सञ्चानल गरिनेछ ।

१०.४४.८ सङ्घीय र प्रदेशस्तरमा रहने शिक्षक तालिम प्रदायक निकायले वैज्ञानिक अनुसन्धान तथा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न सक्षम र योग्य शिक्षक तथा प्रशिक्षकको विकासका लागि वेभसाइट, अनलाइन ट्यूटोरियल, छलफल फोरम, सिम्यूलेसन, भर्चूअल इमेजिङ जस्ता नवीनतम प्रविधियुक्त पेसागत क्षमता विकासका कार्यक्रमहरू निरन्तर रूपमा सञ्चालन गरिनेछ ।

१०.४४.९ एउटै बिद्यालय वा छिमेकमा रहेका विद्यालयका शिक्षकहरूबीच पेसागत साझेदारी, अनुभव आदान प्रदान तथा कक्षा अबलोकन गरी एक अर्काबाट सिक्ने व्यवस्था मिलाइनेछ ।

**नीति १०.४५ विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउनुका साथै सबै विद्यालयलाई सुरक्षित एवं हरित विद्यालयको रुपमा विकास गर्ने ।**

१०.४५.१. स्तरीय मापदण्डका आधारमा विद्यालय तथा शिक्षण संस्थाको भौतिक पूर्वाधार र सिकाइ वातावरण निर्माण गरी विपद् उत्थानशील बनाइनुका साथै पाठ्यक्रम, शिक्षण सिकाइ प्रक्रिया र शिक्षक व्यवहारमा सुधार गरी विद्यालयलाई सम्पूर्ण रुपमा सुरक्षित बनाइनेछ । विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र सुरक्षित, हिंसारहित एवं भयरहित सिकाइ केन्द्रको रूपमा विकास गरिनेछ ।

१०.४५.२. सबै विद्यालयहरूको स्तरोन्नति गरी भौतिक पूर्वाधार तथा शैक्षिक सुबिधा सम्पन्न विद्यालयको रूपमा विकास गर्दै लगिनेछ ।

१०.४५.३. विद्यालय तथा शिक्षालय हातामा खानेपानी, शौचालय, खेलमैदान, सरसफाइ किट, प्राथमिक उपचार बाकस अनिवार्य गरिने छ । विद्यालयको वातावरण स्वच्छ, सफा, शान्त, सुरक्षित र हरियालीयुक्त बनाई विद्यालयलाई वातावरणमैत्री हरित संस्थाको रुपमा विकास गरिनेछ । "एक विद्यार्थी, एक विरुवा" र "एक विद्यालय, एक बगैचा" कार्यक्रम सञ्चालन गरी हरित विद्यालय निर्माण कार्यलाई तीब्रता दिइने छ ।

१०.४५.४. विद्यालय तथा शिक्षालयहरूमा सुरक्षित विद्यालय र विपद् व्यवस्थापन सम्वन्धी सैद्धान्तिक एवं व्यवहारीक ज्ञान दिई विपद्को पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राखी सुरक्षित विद्यालय तथा शिक्षालय सम्बन्धी अनुकरण (Simulation) र अभ्यास (Drill) का क्रियाकलापहरू नियमित रूपमा सञ्चालन गरिनेछ ।

१०.४५.५. सबै स्थानीय तहले शिक्षक र विद्यार्थीमा विपद्ले पार्ने प्रभाव न्यूनीकरण गर्न विद्यालय तथा समुदायमा मनोसामाजिक परामर्श सेवा र शैक्षिक पुनर्लाभको

व्यवस्थापन गर्ने व्यवस्था गरिनेछ । सामुदायिक सिकाइ केन्द्रलाई विपद् सिकाइ केन्द्रका रूपमा समेत विकास गरिनेछ ।

१०.४५.६. विपद्का समयमा विद्यालय र शिक्षालय स्थानान्तरण गर्नका लागि स्थानीय तहको समन्वयमा सुरक्षित स्थानको पहिचान गरी खानेपानी, स्वास्थ्य, पोषण र स्याहारको उचित व्यवस्थापन सहित शिक्षण सिकाइका लागि उपयुक्त वातावरण निर्माण गर्ने र सरकारी तथा गैरसरकारी संघसंस्थाको समन्वयमा शिक्षक तथा विद्यार्थीका लागि विपद् व्यवस्थापन, जलवायू परिवर्तन, वातावरण संरक्षण, स्वास्थ्य, पोषण तथा सरसफाइसम्बन्धी आधारभूत ज्ञान, पूर्वतयारी र प्रतिकार्य सम्बन्धी व्यावहारिक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.४५.७. विद्यार्थी, शिक्षक, अभिभावक, स्थानीय तह, समुदाय र सम्बन्धित संघसंस्थाहरूलाई परिचालन गरी विद्यालयको घेराबार, खेल मैदान, विद्यालय जाने आउने बाटो र विद्यालयको आन्तरिक तथा वाह्य वातावरण पर्यावरणमैत्री, बालमैत्री, लैङ्गिकमैत्री एवं अपाङ्गतामैत्री बनाइनेछ ।

**नीति १०.४६ विद्यालय अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण प्रक्रियालाई विकेन्द्रित गरी विद्यालय र स्थानीय तहबाट प्राविधिक सहायता प्रदान गर्ने पद्धतिको विकास गर्ने ।**

१०.४६.१ विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षणको व्यवस्था मिलाइनेछ । स्थानीय तहबाट अनुगमन तथा सुपरिवेक्षण गर्दा अवस्थाअनुसार स्थलगत तथा विद्युतीय दुबै प्रकारबाट हुने व्यवस्था मिलाइनेछ ।

१०.४६.२ परीक्षा र मूल्याङ्कनको लेखाजोखा गर्ने, नतिजा विश्लेषण गर्ने र नतिजाका आधारमा शिक्षण सिकाइ सुधार योजना तयार गरी कार्यान्वयनमा ल्याउने जस्ता कार्यलाई व्यवस्थित गरिनेछ ।

१०.४६.३ स्थानीयतहले विद्यालयको समग्र अवस्था र सुपरिवेक्षण कार्यको प्रभावकारिता अनुगमन र मूल्याङ्कन गर्ने प्रणाली विकास गरिनेछ ।

१०.४६.४ सुपरिवेक्षकको न्यूनतम योग्यता स्नातकोत्तर कायम गरी शिक्षा प्रशासन तथा सुपरिवेक्षण सम्बन्धी तालिम अनिवार्य लिनुपर्ने व्यवस्था गरिनेछ ।

१०.४६.५ प्रदेश तहमा समेत विद्यालय तथा प्राविधिक शिक्षालय निरीक्षणका लागि प्रादेशिक शिक्षा निरीक्षक व्यवस्था गरी निरीक्षणको ब्यबस्था मिलाइनेछ ।

१०.४६.६ सुपरिवेक्षणलाई विद्यालयमा आधारित बनाउन विद्यालयका प्रधानाध्यापक, अनुभवी शिक्षक वा मेन्टर र समकक्षी शिक्षकबाट सुपेरिवेक्षण गर्ने परिपाटी शुरू गरिनेछ ।

१०.४६.७ संघीय, प्रादेशिक तथा स्थानीय तहमा शिक्षा क्षेत्रको नतिजामूलक अनुगमन तथा मूल्याङ्कनको लागि आवश्यक पर्ने संस्थागत संयन्त्र, प्रक्रिया, मापदण्ड र सूचक निर्धारण गरी तीनै तहका सरकार र अन्तर्गतका निकायहरूको जिम्मेवारी एवं जवाफदेहिता किटान गरिनेछ ।

**नीति १०.४७ संघीय शिक्षा हेर्ने मन्त्रालयले आधारभूत तथा माध्यमिक बिद्यालयका गुणस्तरमानक तथा सूचकहरू निर्धारण गरी प्रदेश र स्थानीय तहबाट सोको कार्यान्वयन तथा आवधिक समीक्षा गर्ने ।**

१०.४७.१ प्रदेश र स्थानीय तहले आफ्नो क्षेत्र भित्रका आधारभूत विद्यालयको हरेक बर्ष भौतिक अवस्था, शैक्षिक अवस्था, सिकाइ वातावरण, सिकाइ उपलब्धि स्तर, बालबालिकाको व्यावहारिक परिवर्तन, शिक्षकको कार्य सम्पादनस्तर, बिद्यालय- समुदाय सम्बन्ध, शैक्षिक नेतृत्व, स्रोत

परिचालन जस्ता पक्षहरूको मूल्याङ्कन गरी विद्यालयहरूको स्तरीकरण गरी सोको नतिजा बार्षिक रूपमा सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ ।

१०.४७.२ विद्यार्थी संख्या, भौतिक पूर्वाधार, जनशक्ति व्यवस्थापन, विद्यालयको तह, परीक्षाको परिणाम, गुणस्तर, खेलकूद, अतिरिक्त क्रियाकलाप तथा सहक्रियाकलाप, व्यवस्थापकीय कुशलता तथा प्रभावकारिताका आधारमा विद्यालयहरूको स्तर निर्धारण गरिनेछ ।

१०.४७.३ संघीय सरकारले आधारभूत तथा माध्यमिक तह पूरा गरे पश्चात बालबालिकाले हासिल गर्नुपर्ने सिकाइ सक्षमताहरू विकास गरी ती सक्षमताहरूका आधारमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास, शिक्षक तालिम, शिक्षक छनोट, शिक्षण सिकाइ प्रक्रिया सञ्चालन र विद्यार्थी मूल्याङ्कन गर्न आवश्यक निर्देशनहरू स्थानीय तह मार्फत कार्यान्वयन गराउने व्यवस्था गरिनेछ ।

१०.४७.४ भौगोलिक अवस्था, जनसंख्या, सामर्थ्य र पूर्वाधार विकासको स्थितिलाई आधार मानी अध्ययन अध्यापनलाई प्रभावकारी बनाउन आधारभूत तथा माध्यमिक विद्यालयको विभिन्न कक्षामा शिक्षक विद्यार्थी अनुपातलाई समयानुकूल पुनरावलोकन गरिनेछ ।

**नीति १०.४८ सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा प्रणालीको अभिन्न अंगको रुपमा एकिकृत गर्दै विद्यालय तथा शिक्षण संस्था प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने ।**

१०.४८.१ विद्यालय तथा शिक्षण संस्थामा सूचना तथा सञ्चार प्रविधिको पूर्बाधार विकास गर्दै उच्च गतिको इन्टरनेट सेवाको क्रमशः विस्तार गरिनेछ ।

१०.४८.२ सङ्घीय तथा प्रदेशस्तरमा रहने पाठ्यक्रम विकास केन्द्र तथा शिक्षक तालिम प्रदायक निकायबाट इ-लाईब्रेरी, भर्चुअल ल्याब, भर्चुअल कक्षाकोठा, अनलाईन परीक्षा, इ-पोर्टफोलियो, आइसिटी सहितको पाठयोजना, विषय विशेषका शिक्षण साधन, पोडकास्ट, वेभ सेमिनार, एडुकास्ट, मेकरस्पेस र शिक्षण सिकाइमा आधारित एप्सहरूको विकास गरी प्रयोगमा ल्याइनेछ ।

१०.४८.३ प्रभावकारी शिक्षण, प्राध्यापन, प्रशिक्षण, अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण पद्धतिको विकास गर्न सङ्घीय तथा प्रदेशस्तरमा (भर्चुअल शिक्षक, प्राध्यापक, प्रशिक्षक, अनुगमनकर्ता, निरीक्षक तथा सुपरीवेक्षकको विकास गर्ने) डिजिटल प्रविधि विकास गरिनेछ ।

१०.४८.४ सिकारू केन्द्रित शिक्षण सिकाइ प्रभावकारी रूपमा सञ्चालन गर्न सर्वव्यापी सिकाइ तथा व्यक्तिले सहजै प्रयोग गर्न सक्ने सामग्रीहरू जस्तैः ट्याब्लेट, स्मार्ट फोन, मोबाइल आदिको प्रयोगमा जोड दिनुका साथै नयाँ प्रवेश गरेका शिक्षकको क्षमता विकासका लागि सेवा प्रवेशको सुरूका केही वर्षमा एकजना अनुभवी र दक्ष शिक्षकको नजिक बसेर सिक्ने अवसर दिन “मेन्टर शिक्षक” को व्यवस्था गरी सबै शिक्षकलाई प्रविधि प्रयोगमा सक्षम तुल्याइनेछ ।

१०.४८.५ विद्यालय शिक्षामा प्रारम्भिक तहदेखि नै सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको माध्यमका रूपमा प्रयोग गरिनेछ ।

१०.४८.६ विद्यालय, प्राविधिक शिक्षालय र सबै शिक्षण संस्थाहरूमा अनलाइनमा आधारित सामग्रीहरू प्रयोग गर्न अनुकूल एवम् सुरक्षित वातावरण तयार पारिनेछ ।

१०.४८.७ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तरगतका शैक्षिक सेवाप्रदायक निकाय, विश्वविद्यालय र स्वायत्त

संस्थाहरूमा अफिस अटोमेशन गर्नुका साथै अन्लाइन् सेवाप्रवाह प्रणाली कार्यान्वयन गरी सेवाप्रवाहलाई छिटो, छरितो र प्रभावकारी बनाइनेछ ।

१०.४८.८ शिक्षण संस्था, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा प्रणालीको अभिन्न अंगको रुपमा एकिकृत गर्दै प्रविधिमा आधारित पठन पाठन प्रक्रियाको अवलम्बन गर्न पूर्वाधार विकास, शिक्षक क्षमता अभिबृद्धि र अनुकूल वातावरण निर्माण गरिनेछ ।

**नीति १०.४९ गुणस्तर प्रत्यायन र प्रमाणीकरण निकायमार्फत उच्च शिक्षा संस्थाहरूको गुणस्तर मापनका मापदण्डका आधारमा गुणस्तको प्रमाणपत्र लिनुपर्ने व्यवस्था गरी सोको आधारमा थप अनुदान तथा अन्य सुविधा प्रदान गर्ने ।**

१०.४९.१ मापदण्ड निर्धारण गरी हाल सञ्चालनमा रहेका उच्च शिक्षा प्रदायक शिक्षण संस्थाहरूलाई स्वायत्त कलेजको रूपमा विकास गरिनेछ । त्यस्ता कलेजहरूमध्ये निर्धारित मापदण्ड पूरा गरेका तथा गुणस्तर प्रत्यायनमा अब्बल भएकाहरूलाई मानित विश्वविद्यालयको रूपमा विकास गरिनेछ ।

१०.४९.२ गुणस्तर सुनिश्चितताका लागि एक राष्ट्रिय गुणस्तर प्रारूप तयार गरी सोका आधारमा उच्च शिक्षा आयोग अन्तर्गत रहने स्वतन्त्र गुणस्तर निर्धारण संयन्त्रबाट गुणस्तर मापनको व्यवस्था गरिनेछ । तोकिएको समयावधिभित्र मापदण्ड अनुसार गुणस्तर सुनिश्चित गर्न नसकेका उच्च शिक्षा प्रदायक शिक्षण संस्था सञ्चालनमा रोक लगाइनेछ ।

१०.४९.३ विश्वविद्यालय अनुदान आयोगले गर्ने गरेको गुणस्तर सुनिश्चितता र प्रत्यायन (QAA) तथा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गर्ने गरेको कार्यसम्पादन परीक्षण पद्धतिलाई अझ व्यवस्थित, व्यापक र प्रभावकारी बनाइनेछ ।

१०.४९.४ प्रत्येक पाँच बर्षमा उच्च शिक्षा प्रदायक सबै शिक्षण संस्था तथा निकायहरूको गुणस्तर परीक्षण गर्ने व्यवस्था गरिनेछ ।

१०.४९.५ नेपालमा सञ्चालनमा रहेका विदेशी शिक्षण संस्थाको गुणस्तर सुनिश्चितता तथा प्रत्यायन संयन्त्र मार्फत् गुणस्तर सुनिश्चितता तथा प्रत्यायन गराउन कानुनी व्यवस्था गरिनेछ ।

**(ठ) शिक्षामा लगानी**

**नीति १०.५० शिक्षामा पर्याप्त लगानीको सुनिश्चितता गर्न सरकारले समग्र शिक्षा बजेट र कार्यक्रमको पुनःसंरचना गर्ने तथा विभिन्न तह वा निकायबाट हुने कामको दोहोरोपना कम गर्न सार्वजनिक जवाफदेही पद्धति अवलम्बन गर्दै आवश्यकता तथा अनुसन्धानमा आधारित भएर लगानी गर्ने परिपाटी विकास गर्ने ।**

१०.५०.१ शैक्षिक लगानी वितरण र विनियोजनका लागि आवश्यक मापदण्ड र आधार तय गरिनेछ।

१०.५०.२ राष्ट्रको समग्र आर्थिक तथा सामाजिक विकास, राष्ट्रिय प्राथमिकताका क्षेत्रहरूलाई सम्बोधन र राष्ट्रको उत्पादकत्व वृद्धिका लागि आवश्यक पर्ने उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न विज्ञान तथा प्राविधिक उच्च शिक्षामा लगानी बढाइनेछ ।

१०.५०.३ अन्तर्राष्ट्रिय प्रतिबद्धता बमोजिम तीन ओटै तह (सङ्घ, प्रदेश र स्थानीय) का सरकारबाट शिक्षामा लगानी क्रमशः बृद्धि गर्दै लगिनेछ ।

१०.५०.४ विश्वविद्यालयहरूलाई हाल प्रदान गरिँदै आएको अनुदान प्रणाली लाई बैज्ञानिक तथा परिणाममुखी ढाँचामा रुपान्तर गरिनेछ ।

१०.५०.५ विद्यालय विकासका लागि अभिभावक, व्यक्ति वा संस्थाले समेत स्वेच्छिक योगदान गर्न सक्ने गरी विद्यालय कोष स्थापना गर्न सकिनेछ । सबै प्रकारका विद्यालय तथा शिक्षालयहरूको आर्थिक कारोवार बैंकिङ् प्रणालीमार्फत गर्दै पारदर्शी र  व्यवस्थित बनाइनेछ ।

१०.५०.६ अन्तर्राष्ट्रिय आर्थिक सहयोग नीतिको अधिनमा रही वैदेशिक सहायता परिचालन गर्ने र त्यसरी विकास साझेदारहरूबाट प्राप्त हुने सहयोग निशर्त रूपमा राष्ट्रिय आवश्यकतासँग मेल खाने क्षेत्र जस्तैः भौतिक पूर्वाधार विकास, आधुनिक प्रविधि तथा उपकरण लगायतका विकासात्मक कार्यमा परिचालन गर्ने नीति अङ्गीकार गरिनेछ ।

१०.५०.७ शिक्षामा निजी क्षेत्रको लगानीको सुरक्षा, संरक्षण र सम्वर्द्धन गर्दै यसलाई सेवामूलक बनाउने र निजीरूपमा लगानी गर्ने व्यक्ति, कम्पनी, कर्पोरेट हाउस, बैङ्क तथा वित्तीय संस्थाहरू लगायतका संस्थाहरूले कर्पोरेट सार्वजनिक उत्तरदायित्व(Corporate Social Responsibility) बहन गर्नुपर्ने व्यवस्था गरिनेछ ।

१०.५०.८ हरेक शिक्षण संस्थाहरूले विभिन्न आर्थिक र अन्य स्रोत परिचालन गरी शिक्षा कोष स्थापना गरी सो कोषमा समाजसेवी, चन्दादाता, पूर्व बिद्यार्थी, ब्यापारी वा अन्य दातृ संस्था, व्यक्ति वा निकायबाट शिक्षण संस्थाको बिकासको निमित्त दान वा आर्थिक सहयोग लिन सक्ने कानूनी व्यवस्था गर्ने ।

**नीति १०.५१ शिक्षा विकासका निम्ति संघीय, प्रादेशिक तथा स्थानीय तहमा सम्बन्धित सरकारले नै परिचालन गर्ने गरी प्रादेशिक र स्थानीय शिक्षा कोष खडा गरी त्यस्तो कोषमा अन्तरसरकारी वित्तीय हस्तान्तरणमार्फत् प्राप्त हुने स्रोत, सम्बन्धित सरकारी स्रोत, विभिन्न सङ्घ/संस्था र दाताहरूबाट प्राप्त सहयोगलाई एकीकृत गर्ने र वित्तीय व्यवस्थापनमा राष्ट्रिय नीति तथा मापदण्ड अन्तर्गत रहेर स्थानीय र प्रादेशिक आवश्यकतालाई सम्बोधन हुने गरी स्रोत परिचालन गर्ने ।**

१०.५१.१ उच्च शिक्षा शिक्षण संस्थाहरूलाई उपलब्ध हुने एकमुष्ट अनुदानको मात्राका आधारमा सम्बन्धित संस्थाले आफ्नो वार्षिक बजेट निर्माण गरी नपुग रकम विद्यार्थी शुल्कलगायत अन्य स्रोतबाट व्यवस्था गर्दै खर्च प्रणालीमा मीतव्ययिता, कार्यदक्षता र प्रभावकारिता जस्ता मान्यता अवलम्बन गरिनेछ ।

१०.५१.२ विद्यालय तथा शैक्षिक संस्था सञ्चालनबाट प्राप्त मुनाफा सम्बन्धित संस्थाको विकास तथा शैक्षिक क्षेत्रमा लगानी गर्नुपर्ने कानूनी व्यवस्था गरिनेछ ।

१०.५१.३ सार्वजनिक निजी साभ्फेदारीको अतिरिक्त सामाजिक उत्तरदायित्वसहितको सार्वजनिक निजी साभ्फेदारी (SRPPP- Socially Responsible Public Private Partnership) मा विद्यालयहरू सञ्चालन व्यवस्था गर्नुका साथै शिक्षामा सहकारीले पनि लगानी गर्न पाउने कानूनी व्यवस्था गरिनेछ ।

१०.५१.४ बाह्य विकास साभ्फेदारहरूसँगको साभ्फेदारीको कार्य सङ्घीय सरकारबाट गरिनेछ भने प्रदेश सरकार तथा स्थानीय तहले विदेशी विकास साभ्फेदारसँग साभ्फेदारी गर्न र सहयोग प्राप्त गर्नु अघि सङ्घीय सरकारको पूर्वस्वीकृति लिनु पर्ने र प्रदेश तथा स्थानीय तहले उद्यमी,

व्यवसायीसँग साझेदारी गरी शिक्षाका लागि लगानी व्यवस्थापन गर्न सक्ने व्यवस्था गरिनेछ ।

१०.५१.५ नतिजामा आधारित अनुदान तथा बजेट प्रवाह पद्धतिलाई उपलब्धिसँग आबद्ध गराई सशर्त अनुदान (Ear-marked/Conditional Grant), भौतिक पूर्वाधार विकासका लागि एकमुष्ट अनुदान (Block Grant) प्रवाह गरी स्रोत विनियोजन पद्धतिलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

**नीति १०.५२ प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका क्षेत्रमा कुशलता र प्रभावकारिता अभिवृद्धि गर्न दिगो लगानीको एकीकृत र क्षेत्रगत लगानी ढाँचा तयार गरी राष्ट्रिय प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास कोष स्थापना गरी कार्यान्वयनमा ल्याउने ।**

१०.५२.१ प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका लागि सरकार, सहकारी, निजी क्षेत्र र समुदायको सहकार्य र साझेदारीमा प्राविधिक शिक्षा तथा सीप विकास राष्ट्रिय कोष (TVET Fund) स्थापना गरिनेछ ।

१०.५२.२ औद्योगिक सीप विकासमा आधारित कार्यस्थलको सिकाइमा उद्योगी तथा व्यवसायीहरूको सक्रिय सहभागिता वृद्धि गरिनेछ ।

१०.५२.३ सरकारी, सहकारी र निजी क्षेत्रबीच सहकार्य र साझेदारीमा कार्यक्रमहरू सञ्चालन गर्नुका साथै तत् तत् क्षेत्रबाट कोषमा निश्चित योगदान गर्नुपर्ने कानुनी व्यवस्था गरिनेछ ।

**नीति १०.५३ वैदेशिक सहायतालाई राष्ट्रिय बजेट प्रणालीमा आबद्ध गराई परिचालन गर्ने र विभिन्न स्रोतबाट बैदेशिक सहयोग स्वतन्त्रपूर्वक कुनै संस्था वा व्यक्तिमार्फत् शिक्षामा खर्च गर्ने, गराउने परिपाटीको अन्त्य गर्ने ।**

१०.५३.१ विदेशी विश्वविद्यालय वा बोर्डहरूबाट सम्वन्धन लिई नेपालमा शैक्षिक कार्यक्रम स्वदेशी वा विदेशी वा दुवैको लागत साझेदारीमा लगानी गर्न पाउने व्यवस्था गरिनेछ ।

१०.५३.२ विदेशी लगानी भएका शिक्षण संस्थामा अधिकतम् उनान्चास प्रतिशत मात्र विदेशी लगानी हुन सक्ने व्यवस्था गरिनेछ ।

१०.५३.३ शिक्षा क्षेत्रमा प्राप्त हुने बैदेशिक सहायताको उत्पादकत्व अधिक हुने गरी व्यवस्थापन गर्दै नतिजामा आधारित सहायता परिचालन गरिनेछ ।

## (ड) विज्ञान तथा प्रविधि

**नीति १०.५४ विज्ञान तथा प्रविधिको अध्ययनको अवसर विस्तार गर्ने सोसम्बन्धी शिक्षण संस्थाहरूको विस्तार एवं सवलीकरण गर्दै विज्ञान तथा प्रविधि क्षेत्रमा सक्षम र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने र आम जनसमुदायमा विज्ञानसम्मत व्यवहार विकास गर्ने ।**

१०.५४.१ नागरिकहरूमा वैज्ञानिक चेतना विस्तारका लागि प्रदेश र स्थानीय तहमा विज्ञान केन्द्रहरू स्थापित गर्ने, विद्यालयमार्फत बृहत्तर प्रकारको विज्ञान अभियानहरू सञ्चालन गर्ने, सञ्चार माध्यममार्फत जनस्तरसम्म उपयोगी विज्ञान तथा प्रविधिका सूचनाहरू प्रसार गर्ने जस्ता कार्यहरू सञ्चालन गरिनेछ ।

१०.५४.२ विज्ञान र प्रविधिसम्बन्धी प्रतिभा पहिचान गरी (Talent Hunt) विशिष्टकृत क्षेत्रमा प्रतिभाहरूको विकास र उपयोग गरिनुका साथै योगदानका आधारमा वैज्ञानिक प्रतिभाहरूलाई कदर एवं पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।

१०.५४.३ विज्ञान तथा प्रविधि र सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा शहरी र ग्रामीण विद्यार्थीबिच अन्तर कम गर्न

सङ्घीय, प्रदेश र स्थानीय शैक्षिक प्रणाली र संरचनामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा समन्यायिक पहूँच विस्तार गरिनेछ ।

१०.५४.४ युवा वैज्ञानिकहरूलाई प्रोत्साहन तथा प्रतिभा प्रष्फुटन गर्न नियमित रूपमा युवा वैज्ञानिक सम्मेलन र वैज्ञानिक प्रतिभा प्रवर्द्धन गर्न नियमित रूपमा स्थानीय तह हुँदै प्रादेशिक तहसम्म विज्ञान प्रदर्शनी लगायतका सृजनात्मक प्रतियोगिताहरूको आयोजना गरिनेछ ।

१०.५४.५ प्राविधिक तथा व्यावसायिक शिक्षामा विज्ञान तथा प्रविधिमैत्री शिक्षाका माध्यमद्वारा पारमाणविक, अन्तरिक्ष, जैविक लगायतका प्रविधिको विकास, विस्तार र उपयोगमा विविधीकरण तथा क्षमताको अभिवृद्धि गरिनेछ ।

**नीति १०.५५ उपयुक्त नीति, लगानी, जनशक्ति विकास, पाठ्यक्रम समायोजन र शिक्षण पद्धतिको आधुनिकीकरण गरी बिज्ञान, प्रबिधि, इञ्जिनियरिङ् तथा गणित शिक्षा** (STEM Education) **लाई समग्र शिक्षा प्रणालीको अभिन्न अंगको रूपमा विकास तथा विस्तार गर्ने ।**

१०.५५.१ विद्यालय तहको पाठ्यक्रम प्रारूप निर्माण र पाठ्यक्रम विकास गर्दा विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित ( STEM) लाई विषय र विषयवस्तुको रूपमा समावेश गर्दै पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्रीलाई डिजिटाइजेशन गरी शिक्षण सिकाइ प्रक्रियामा सुधार गरिनेछ ।

१०.५५.२ पाठ्यक्रम र पाठ्यसामग्रीलाई परिवेश सापेक्ष परिमार्जन र अद्यावधिक गर्दा विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित (STEM) जस्ता विषयलाई उचित स्थान दिइनेछ ।

१०.५५.३ STEM को प्रवर्द्धन गर्न समुदाय, सङ्घसंस्था, उद्योग र आमसञ्चारका साधनहरूसँग शिक्षण संस्थाहरूले सहकार्य गरी असल अभ्यासहरूलाई प्रचारप्रसार र विज्ञान प्रविधिसम्बन्धी साक्षरताका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१०.५५.४ प्रारम्भिक तह देखिनै बिज्ञान, प्रबिधि, इन्जिनियरिङ् तथा गणितसँग सम्बन्धित बिषयहरूमा बालबालिकाहरूको रूचि, सहभागिता, संलग्नता, र क्षमता बिकास गर्न कक्षा र स्तर हेरी पाठ्यक्रममा यसको मात्रालाई पचास प्रतिशतसम्म पुर्‍याइनेछ ।

१०.५५.५ विद्यालय शिक्षाका विभिन्न बिषयहरूमा (भाषा, साहित्य, कला, संस्कृति, इतिहास, भूगोल आदि) समेत STEM को अवधारणा एकीकृत गरिनेछ ।

१०.५५.६ स्नातक र स्नातकोत्तर तहमा राज्यका लागि आवश्यक क्षेत्र पहिचान गरी STEM मा आधारित पाठ्यक्रम निर्माण गरिनेछ ।

१०.५५.७ STEM सम्बन्धी शिक्षाको प्रवर्द्धन गर्नका लागि सङ्घीय र प्रादेशिक स्तरमा विज्ञान प्रविधि केन्द्र, सङ्ग्रहालय, अनुसन्धान तथा आविष्कार केन्द्र र प्लानिटोरियमको निर्माण गरिनेछ ।

## ११. नीति कार्यान्वयनको जिम्मेवारी

राष्ट्रिय शिक्षा नीतिको लक्ष्य तथा उद्देश्यहरूको अधीनमा रही नीति, रणनीति र कार्यनीतिमा उल्लेख भएका विषयहरूका साथै प्रदेश र स्थानीय तहले थप रणनीति र कार्यनीतिहरू आ-आफ्नो नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्न सक्नेछन् । संघीय ढाँचामा नीति कार्यान्वयनको जिम्मेवारी निम्नानुसार हुनेछ :

## ११.१ संघीय सरकारको जिम्मेवारी

११.१.१ शिक्षा सम्वन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड र नियमन,

११.१.२ केन्द्रीय विश्वविद्यालय, केन्द्रीय स्तरका प्रज्ञा प्रतिष्ठानहरू, विश्वविद्यालय मापदण्ड र नियमन, केन्द्रीय पुस्तकालय,

११.१.३ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको राष्ट्रिय नीति, पाठ्यक्रम प्रारूप, योग्यता निर्धारण, सीप परीक्षण मापदण्ड निर्धारण, सञ्चालन र नियमन,

११.१.४ शिक्षक तथा कर्मचारीको सेवा, शर्त, सुविधा, योग्यता र सक्षमता तथा क्षमता विकास सम्बन्धी नीति तथा मापदण्ड निर्धारण,

११.१.५ राष्ट्रिय पाठ्यक्रम प्रारूप, मूल विषय (कोर सब्जेक्ट) को पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास, ऐच्छिक विषयको पाठ्यक्रमसम्बन्धी मापदण्ड,

११.१.६ विद्यार्थी मूल्याङ्कन तथा परीक्षाको राष्ट्रिय मापदण्ड निर्धारण, राष्ट्रिय उपलब्धि परीक्षण, माध्यमिक तहको अन्त्यमा लिइने परीक्षा सञ्चालन, प्रमाणीकरण र योग्यताको मान्यता तथा समकक्षता निर्धारण,

११.१.७ केन्द्रीय स्तरका विशिष्टीकृत, आवासीय र प्राविधिक विद्यालयको नीति, मापदण्ड, कानून, योजना, नियमन, सञ्चालन तथा व्यवस्थापन,

११.१.८ शैक्षिक परामर्श सेवा, कुटनैतिक नियोगबाट सञ्चालित विद्यालय वा शिक्षण संस्था, नेपाली पाठ्यक्रमका आधारमा विदेशमा सञ्चालन हुने शिक्षण संस्था सम्बन्धी नीति, कानून, मापदण्ड, स्वीकृति, समकक्षता निर्धारण र नियमन,

११.१.९ शैक्षिक गुणस्तर मानक निर्धारण, मापन र नियमन तथा केन्द्रीय शैक्षिक तथ्याङ्क व्यवस्थापन,

११.१.१० शिक्षा सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,

११.१.११ प्रदेश तथा स्थानीय तहको शैक्षिक विषयमा नियमन तथा सहजीकरण ।

## ११.२ प्रदेश सरकारको जिम्मेवारी

११.२.१ शिक्षाको राष्ट्रिय नीति तथा मापदण्डको अधिनमा रही प्रदेश तहको शिक्षा सम्बन्धी कानून, योजना, कार्यक्रम, प्रशासन, व्यवस्थापन र नियमन,

११.२.२ प्रदेश विश्वविद्यालय सम्बन्धी कानून, योजना, कार्यक्रम, सञ्चालन र नियमन,

११.२.३ प्रदेश स्तरीय पुस्तकालय र संग्रहालय सम्बन्धी कानून, सञ्चालन तथा नियमन,

११.२.४ विद्यालय शिक्षक तथा कर्मचारीको सेवा, सर्त र सुविधाको सञ्चालन तथा अभिलेख व्यवस्थापन,

११.२.५ प्रादेशिक मानव संशाधन आवश्यकता प्रक्षेपण तथा मानव स्रोत विकास योजना निर्माण तथा कार्यान्वयन,

११.२.६ प्रदेश स्तरबाट प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी योजना तथा कार्यक्रम निर्माण, कार्यान्वयन र नियमन,

११.२.७ माध्यमिक शिक्षाको समन्वय, अनुगमन तथा नियमन र माध्यमिक शिक्षाको कक्षा दशको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण,

११.२.८ विद्यालय तहको ऐच्छिक विषयको पाठ्यक्रम विकास, पाठ्यपुस्तक तथा पाठ्यसामग्री विकास, उत्पादन र वितरण,

११.२.९ विद्यालय तहका थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री छनौट तथा प्रयोग सम्बन्धी नीति, मापदण्ड, स्वीकृति र नियमन,

११.२.१० प्रदेशस्तरमा प्राज्ञिक तथा नवप्रवर्तनात्मक अनुसन्धान र शैक्षिक तथ्याङ्क व्यवस्थापन,

११.२.११ प्रदेश स्तरका विशेष विद्यालय, प्राविधिक तथा व्यवसायिक तालिम केन्द्र अनुमति, स्वीकृति, सञ्चालन, व्यवस्थापन र नियमन,

११.२.१२ विद्यालय तहका शिक्षकहरूको पेसागत विकास तथा तालिम सम्बन्धी पाठ्यक्रम, पाठ्यसामग्री विकास, तालिम सञ्चालन र अनुगमन,

११.२.१३ विशेष शिक्षासम्बन्धी योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

११.२.१४ भाषा शिक्षण सम्बन्धमा योजना र कार्यक्रम व्यवस्थापन तथा संस्थाहरूको अनुमति वा स्वीकृति र नियमन,

११.२.१५ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी पाठ्यक्रम, पाठ्यसामग्री निर्माण, कार्यान्वयन र नियमन ।

## ११.३ स्थानीय सरकारको जिम्मेवारी

११.३.१ प्रारम्भिक बाल विकास सम्बन्धी कानून, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन एवं प्रारम्भिक बालविकास केन्द्रको अनुमति, सञ्चालन र व्यवस्थापन,

११.३.२ आधारभूत शिक्षा सम्बन्धी कानून, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन तथा आधारभूत विद्यालय अनुमति, स्वीकृति, व्यवस्थापन र नियमन,

११.३.३ अनौपचारीक, वैकल्पिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

११.३.४ निरन्तर सिकाई तथा सामुदायिक सिकाइ केन्द्र सम्वन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङ्कन र नियमन,

११.३.५ अभिभावक शिक्षा सम्बन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

११.३.६ खुला तथा दूर शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

११.३.७ आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

११.३.८ मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,

११.३.९ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङकन र नियमन,

११.३.१० गाउँ तथा नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन

११.३.११ विद्यालयको नामाकरण, नाम परिवर्तन र स्थानान्तरण,

११.३.१२ विद्यालयको चल अचल सम्पत्तिको अभिलेख, सुरक्षा र संरक्षण,

११.३.१३ स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवं कार्यान्वयन र संघ तथा प्रदेश स्तरबाट विकास गरिएका पाठ्यपुस्तक तथा पाठ्यसामग्री वितरण एवं कार्यान्वयन सहजीकरण,

११.३.१४ विद्यालयको गुणस्तर अभिवृद्धि योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयन,

११.३.१५ राष्ट्रिय मापदण्डका आधारमा सार्वजनिक विद्यालयको शिक्षक दरवन्दी पुनर्वितरण र मिलान,

११.३.१६ विद्यालयको नक्शाङ्कन, समायोजन तथा नियमन,

११.३.१७ सार्वजनिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,

११.३.१८ आधारभूत तहको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण,

११.३.१९ स्थानीय स्तरमा विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन,

११.३.२० अनिवार्य तथा निशुल्क शिक्षाको कार्यान्वयन, विद्यार्थी प्रोत्साहन व्यवस्थापन,

११.३.२१ स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप, प्रविधिको संरक्षण, प्रवर्द्धन, र स्तरीकरण,

११.३.२२ सार्वजनिक विद्यालयलाई अनुदान प्रदान तथा सोको बजेट व्यवस्थापन,

११.३.२३ विद्यालयको आर्थिक अनुशासन, अनुगमन र लेखापरीक्षण,

११.३.२४ शिक्षक र कर्मचारीको क्षमता विकास, तालिम, अभिमुखीकरण, गोष्ठी, कार्यशाला, सञ्चालन,

११.३.२५ स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,

११.३.२६ विद्यालय शिक्षक तथा कर्मचारीको पुरस्कार र प्रोत्साहन व्यवस्थापन,

११.३.२७ अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन

## १२. संस्थागत व्यवस्था

राष्ट्रिय शिक्षा नीति, २०७६ कार्यान्वयनका लागि आवश्यकता अनुसार संस्थागत संयन्त्र र संगठन संरचनाको व्यवस्था गरिनेछ । नीतिगत संरचनाको रुपमा विश्वविद्यालय तथा उच्च शिक्षा परिषद, राष्ट्रिय शिक्षा परिषद्, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम परिषद्, शिक्षक सेवा आयोग, मदर्शा/गोन्पा/गुरुकूल परिषद्/बोर्ड लगायतका संयन्त्रहरू स्थापना गरिनेछ । संघीय तहको अतिरिक्त प्रदेश र स्थानीय तहमा पनि आवश्यक संयन्त्रहरू स्थापित गरी तत् तत् तहका कानूनी व्यवस्थाभित्र रही त्यस्ता संरचनाहरू सञ्चालित हुनेछन् ।

## १३. आर्थिक पक्ष

शिक्षामा लगानीको प्राथमिकताका दृष्टिले तीनवटै तहका सरकारको भूमिका महत्वपूर्ण रहनेछ । यो राष्ट्रिय शिक्षा नीतिको कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले स्रोत व्यवस्था गर्नेछन् । सरकारको अतिरिक्त निजी र सहकारी क्षेत्रबाट समेत विद्यालय तथा उच्च शिक्षा प्रदायक शिक्षण संस्थाको सञ्चालनमा स्रोत परिचालन हुनेछ । व्यक्ति, समुदाय र अभिभावकहरूलाई स्वेच्छिक रूपमा शिक्षाको विकासका लागि स्रोत व्यवस्थापन र वित्तीय योगदान गर्न प्रोत्साहित गरिनेछ । नेपाल सरकारको विकास सहायता नीतिको अधिनमा रही शिक्षा क्षेत्रमा हुने बैदेशिक सहायताको परिचालन एकद्वार प्रणालीबाट गरिनेछ । आवधिक योजनामा यो नीति कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोतको सुनिश्चितता गरिनेछ ।

## १४. कानुनी व्यवस्था

राष्ट्रिय शिक्षा नीति, २०७६ को प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमका ऐन, नियम, निर्देशिका र कार्यविधिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ :

(क) प्रारम्भिक बालविकास, आधारभूत तथा माध्यमिक शिक्षाको सञ्चालन, व्यवस्थापन र नियमनका लागि शिक्षा ऐन, २०२८ को प्रतिस्थापन गर्ने कानून तर्जुमा गरी लागू गरिनेछ ।

(ख) विद्यार्थी वित्तीय सहायता तथा छात्रवृत्ति व्यवस्थापन, बैदेशिक शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, बैदेशिक अध्ययन अनुमति पत्र लगायतका विषयमा आवश्यक कानूनी व्यवस्था मिलाइनेछ ।

(ग) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको सञ्चालन, व्यवस्थापन एवं नियमनका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ तथा सोको नियमावली प्रतिस्थापन गर्ने कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

(घ) उच्च शिक्षाको सञ्चालन, व्यवस्थापन र नियमनका लागि साविकको विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० लाई सुदृढीकरण ⁄ गरिनेछ ।

(ङ) प्रदेश र स्थानीय तहको क्षेत्राधिकारभित्र रहेका विषयको सञ्चालन, व्यवस्थापन र नियमनका लागि तत् तत् तहका सरकारबाट कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

(च) यो नीति कार्यान्वयनका लागि आवश्यकता अनुसार नियमावली, निर्देशिका र कार्यविधिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

## १५. अनुगमन तथा मूल्याङ्कन

राष्ट्रिय शिक्षा नीति, २०७६ को कार्यान्वयनको समग्र स्थितिको बार्षिक तथा आवधिक मूल्याङ्कन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गर्नेछ । त्यसैगरी राष्ट्रिय शिक्षा विभाग, राष्ट्रिय पाठ्यक्रम विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र लगायतका निकायहरूले आ-आफ्नो क्षेत्राधिकार भित्र रही नियमित अनुगमन तथा मूल्याङ्कन कार्य गर्नेछन् । केन्द्रीय सरकारका अतिरिक्त प्रत्येक स्थानीय तह र प्रदेश सरकारको शिक्षा विषय हेर्ने मन्त्रालयले क्रमश: आफ्नो स्थानीय तह र प्रदेश क्षेत्रभित्रको नीति कार्यान्वयन स्थितिको अनुगमन तथा मूल्याङ्कन गर्नेछन् । विश्वविद्यालय अनुदान आयोग, विश्वविद्यालयहरू,

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, राष्ट्रिय परीक्षा बोर्ड लगायत स्वायत्त संस्थाहरूले आफ्नो क्षेत्राधिकारभित्रका कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्नेछन् । नीतिको अनुगमन तथा मूल्याङ्कनका लागि मापदण्ड एवं सूचकहरूको विकास गरी ती सूचकहरूको आधारमा अनुगमन तथा मूल्याङ्कन गरिनेछ । नीति कार्यान्वयनको अनुगमन गर्ने मुख्य जिम्मेवारी राष्ट्रिय शिक्षा परिषद्को हुनेछ । नीति कार्यान्वयनको प्रत्येक बर्ष समीक्षा गरिनेछ । पन्ध्रौं योजनाको अन्त्यमा मध्यावधि मूल्याङ्कन र दश बर्षपछि पूर्णावधि मूल्याङ्कन गरिनेछ । यस नीतिको राष्ट्रिय विकासमा परेको प्रभाव मूल्याङ्कनको समन्वय राष्ट्रिय योजना आयोगले गर्नेछ ।

## १६. जोखिम तथा जोखिम न्यूनीकरण

नीति कार्यान्वयनको क्रममा देखिने जोखिमको समयमै आँकलन गरी निरूपणका उपायहरू अवलम्बन गरिनेछ। राष्ट्रिय शिक्षा नीति, २०७६ कार्यान्वयनका सम्भावित जोखिमहरू र तिनीहरूको न्यूनीकरणका उपायहरू देहायबमोजिम हुनसक्ने आँकलन गरिएको छ :

अ) जोखिमहरू

(क) नेपालमा सङ्घीय प्रणालीको अभ्यास प्रारम्भिक चरणमा रहेकोले राष्ट्रिय शिक्षा नीति लागू गर्ने क्रममा संघ, प्रदेश र स्थानीय तहबीच सहअस्तित्व, समन्वय र सहकार्यमा आधारित कार्यप्रणाली अवलम्बन गर्नु जोखिमपूर्ण रहने देखिन्छ ।ञ

(ख) स्वशासित निकायका कर्मचारीहरु, विद्यालयका शिक्षक तथा कर्मचारीहरु, विश्वविद्यालयका शिक्षकहरू र गैर शैक्षिक क्षेत्र तथा शैक्षिक सरोकारवालाहरुको पूर्ण सहयोग प्राप्त गर्न कठिनाइ हुन सक्नेछ ।

(ग) प्रक्षेपित आर्थिक बृद्धिदर हासिल हुन नसकेमा शिक्षा क्षेत्रमा राज्यको लगानी अपर्याप्त हुने र नीति कार्यान्वयनमा बाधा उत्पन्न हुन सक्नेछ ।

(घ) नीति कार्यान्वयनमा सार्वजनिक क्षेत्रको तुलनामा निजी क्षेत्रको भूमिका सहायक हुने भएकोले निजी क्षेत्रलाई क्रमशः सेवामूलक बनाउँदै लैजाने रणनीतिले गर्दा शिक्षा विकासमा निजी क्षेत्रको लगानी आकर्षित गरिरहने कार्यमा जोखिम रहन सक्नेछ ।

(ङ) संघीय, प्रदेश र स्थानीय सरकारबाट शिक्षा क्षेत्रको समग्र विकासका लागि निश्चित प्रतिशत लगानी गर्ने प्रतिबद्धता कार्यान्वयन हुन नसके यो नीति कार्यान्वयनमा जोखिम रहने देखिन्छ ।

आ) जोखिम न्यूनीकरण

देहायका उपायहरू अवलम्बन गरी उपरोक्त जोखिमहरू न्यूनीकरण गर्न सकिने देखिन्छ :

क) शिक्षा क्षेत्र हेर्ने संघीय मन्त्रीको नेतृत्वमा प्रदेश सरकारका सामाजिक विकास मन्त्रीहरू रहने गरी एक अन्तर प्रादेश शिक्षा समन्वय समिति स्थापित गरी समन्वय गरिनेछ ।

ख) नीति कार्यान्वयनको प्रभावकारिताका लागि सम्बन्धित सरोकारवालाहरूसँग पर्याप्त छलफल तथा अन्तरक्रिया गरी समझदारी एवं सहकार्यद्वारा नीतिप्रतिको स्वीकारोक्तिको वातावरण बनाइनेछ ।

ग) यो नीति कार्यान्वयनका लागि सरकारी स्रोतको अतिरिक्त विकास साझेदारबाट प्राप्त हुने तथा लागत आपूरणको सिद्धान्त अनुरुप निजी र सहकारी क्षेत्रको स्रोत समेत आकर्षण गरिनेछ । शिक्षामा व्यक्ति र अभिभावकहरूको स्वेच्छिक लगानीलाई प्रोत्साहन गर्ने रणनीति अवलम्बन गरिनेछ ।

## १७. खारेजी र बचाउ

(अ) देहाय बमोजिमका नीतिहरू खारेज गरिएको छ :

(क) शैक्षिक जनशक्ति विकास केन्द्रको तालिम नीति, २०६२
(ख) अनौपचारिक शिक्षा नीति, २०६३
(ग) प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम नीति, २०६९
(घ) उच्च शिक्षा नीति, २०७२
(ङ) अपाङ्गता भएका बालबालिकाहरूका लागि समावेशी शिक्षा नीति, २०७३

(आ) उपरोक्त खण्ड (अ) अनुसारका नीतिहरू बमोजिम भए गरेका सम्पूर्ण काम कारबाही यसै नीति बमोजिम भए गरेका मानिने छ ।